# सूर्योदय राजपत्र

सूर्योदय नगरपालिकाद्वारा प्रकाशित

खण्ड (२) फिक्कल, इलाम, १ नं. प्रदेश, नेपाल, आषाढ २३ गते, २०७५ साल, संख्या ३


## भाग —१

**नेपालको संविधानको धारा २२३ को उपधारा (१) बमोजिम गठन भएको यस सूर्योदय नगरपालिकाको नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

## तेश्रो नगर सभामा प्रस्तुत आ.व. २०७५/७६ को नगर विकास योजनाका प्रमुख नीति तथा कार्यक्रमहरु

*कृषि पर्यटन र भौतिक पूर्वाधार विकास : सूर्योदय नगरपालिकाको समृद्धिको आधार*

### १. भौतिक पूर्वाधार विकास नीति

*"सुदृढ भौतिक पूर्वाधार, समृद्ध नगरको आधार"*

१. समुन्नतिको सबैभन्दा ठूलो साधनको रुपमा रहेको भौतिक पूर्वाधार क्षेत्रको एकीकृत र व्यवस्थित विकासका लागि कम्तीमा पनि २० वर्षे दीर्घकालीन सोचका साथ यसै आ.व. मा एकीकृत नगर विकास गुरुयोजना निर्माण गरी सोहि आधारमा वार्षिक नगर विकास योजना निर्माण गरि कार्यान्वयन गर्ने नीति लिइने छ ।

२. DPR भइसकेका योजनाहरुलाई प्राथमिकताका आधारमा प्रदेश र संघको योजनासँग नदोहोरिने गरी निर्माण कार्य सञ्चालन गरिनेछ ।

३. सूर्योदय नगरपालिका क्षेत्रभित्र निर्माणाधीन अवस्थामा रहेका पशुपतिनगर बसपार्क र फिक्कल बसपार्कलाई उच्च प्राथमिकताका साथ निर्माण कार्य अगाडि बढाइनेछ । साथै उपयुक्त स्थानहरुमा थप पार्किङ स्थलहरुको खोजी तथा अध्ययन गरी निर्माण कार्य अगाडि बढाइनेछ ।

४. सूर्योदय नगरपालिकाको कन्याम क्षेत्रमा रहेको जग्गामा अन्तर्राष्ट्रिय स्तरको बहुउद्देश्यीय व्यावसायिक भवन (Multipurpose Commercial Complex) को निर्माण गरिनेछ । उक्त आयोजनामा दाता संस्था, सार्वजनिक निजी साझेदारी र लागत लाभका आधारमा निजी तथा सामुदायिक क्षेत्रको सहयोगमा निर्माण सञ्चालन तथा हस्तान्तरण (BOOT) नीति अनुसार सञ्चालन गर्ने नीति लिइने छ ।

५. प्रदेश सभाको कार्यक्रममा समावेश भएको केवलकारको सम्भाव्यता अध्ययनको कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउन नगरपालिकाले समन्वयकारी भूमिका खेल्नेछ ।

६. निर्मित पूर्वाधारको नियमित मर्मत सम्भार, सञ्चालन, संरक्षण एवम् सम्वर्द्धन गर्न टोल विकास संस्था, समुदाय र उपभोक्ता समितिहरुलाई प्रोत्साहित गर्ने नीति लिइनेछ । एवम् सरोकारवालाहरुलाई प्राविधिक सहजकर्ता सम्बन्धी ज्ञान सीप प्रदान गर्नका लागि अभिमुखीकरण तालिमहरु सञ्चालन गरिनेछ ।

७. पर्यावरणलाई ध्यानमा राखी नगर स्तरीय विकास निर्माण मापदण्डलाई अध्यावधिक गरी कडाईका साथ पालना गर्दै बढीभन्दा बढी लागत र जनसहभागिता जुट्ने योजनाहरुलाई प्राथमिकताका साथ अगाडि बढाउने नीति लिइनेछ ।

८. भौतिक पूर्वाधार निर्माण कार्यक्रम अन्तर्गत सञ्चालन हुने पूर्वाधारका योजनाहरुमा वडा स्तरमा पाँच लाख र नगर स्तरमा पच्चीस लाख भन्दा कम लागतको कार्यक्रम सञ्चालन गर्न नपाइने व्यवस्थालाई निरन्तरता दिइने छ ।

९. पेश्की शुन्य अभियानका लागि पेश्की दिने कार्यलाई निरुत्साहित गरि प्राविधिक मूल्याङ्कनका आधारमा भुक्तानी दिइने नीति अवलम्बन गरिने छ, तर स्वीकृत खरिद योजना बमोजिम निर्माण सामग्री खरिद गर्नु पर्ने भई उपभोक्ताको लागत सहभागिता नगद नै रकम नगरपालिकामा जम्मा गर्नेका हकमा पेश्की उपलब्ध गराउन सकिने छ ।

१०. उपभोक्ता समिति गठन, परिचालन र अन्य काम कारबाहीको परिप्रेक्षमा सूर्योदय नगरपालिकाको स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि - २०७४ लाई थप प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

११. नगरपालिका क्षेत्रभित्र अन्तर्राष्ट्रिय स्तरको क्रिकेट मैदान, कवर्डहल, रंगशाला आदि निर्माण गर्नका लागि सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडि बढाइनेछ ।

१२. प्राथमिकताका आधारमा वडा कार्यालय भवनहरु क्रमश निर्माण गर्दै लगिनेछ ।

## २. सडक तथा यातायात नीति

*“बाह्रैमास यातायात सञ्चालनको अवस्थाः नगरवासीको दिनचर्यामा सहजता”*

१. विकासको मेरुदण्डको रुपमा मानिने सडक निर्माणमा "एक वडा एक बाह्रमासे सडक (All Weather Road)" को नीति अवलम्बन गरिनेछ ।

२. DPR भइसकेका सडकहरुलाई प्राथमिकताका आधारमा क्रमशः निर्माणको प्रक्रिया अगाडि बढाइनेछ ।

३. कालोपत्रे सडकसँग जोडिने सबै वडाका बाह्रमासे बाटोलाई ५ वर्षभित्रमा कम्तीमा ३ कि.मि. सम्म कालोपत्रे गरिनेछ ।

४. उन्नती समावेशी वृद्धि कार्यक्रम अन्तर्गत हाल निर्माणाधीन फिक्कल-गुसी-नयाँबजार सडक, बरबोटे-माने-कट्टेबुङ कृषि सडक, पालटाङे-सिद्धीगाउँ सडकलाई क्रमशः कालोपत्रे गर्दै लैजाने प्रक्रिया अगाडि बढाइनेछ ।

५. सडक निर्माण गर्दा पर्यावरण पानीका मूहानहरुलाई संरक्षण र प्रवर्द्धन गर्दै एकीकृत रुपमा निर्माण कार्य अगाडि बढाइने छ ।

६. नगरपालिका भित्र सडक निर्माण गर्दा स्थानीय स्तरमा उत्पादनको पकेट क्षेत्र र पर्यटन प्रवर्द्धनलाई आधार लिइनेछ ।

७. नगरपालिकाभित्र रहेका नगर स्तरीय, प्रदेश स्तरीय र राष्ट्रिय स्तरको सडकको दायाँबायाँ अधिकार क्षेत्रको मापदण्ड अनुसार पालना गर्नेगराउने कार्यलाई निरन्तरता दिइनेछ।

८. सूर्योदय नगरपालिका क्षेत्रभित्र पर्ने मेची राजमार्गमा निर्वाध रुपमा यातायात सञ्चालन गर्न सडक क्षेत्राधिकार विस्तार कार्यक्रमलाई निरन्तरता दिने नीति अवलम्बन गरिनेछ ।

९. सडक क्षेत्राधिकारको यकिन गर्न सडक डिभिजन कार्यालय र नापी कार्यालयसँग समन्वय गरी रेखांकन गरी लगत कट्टाको प्रक्रिया अगाडि बढाइनेछ ।

१०. सडक डिभिजन कार्यालयको सहकार्यमा सूर्योदय नगरको कन्याम पर्यटकीय क्षेत्रको गुरुयोजना अनुसार सडक क्षेत्रलाई व्यवस्थित गर्ने कार्य गरिनेछ ।

११. सडकमा निर्वाध रुपमा आवतजावत गर्न अवरोध श्रृजना गर्ने कार्य (सडक निर्माण सामग्री राख्ने, गोलिया, काठ थुपार्ने, सडक मिचेर घरटहरा बनाउने, पाली गाँस्ने, पसल थाप्ने) जस्ता कार्यहरुलाई निरुत्साहित गरिनेछ । अटेर गरी अवरुद्ध गर्ने कार्यलाई दण्ड जरिवानासँग आवद्ध गरिनेछ ।

१२. निर्धारित मापदण्ड अनुसार कार्य गर्न अवरोध खडा हुने सडक योजनाहरुमा लगानी नगर्ने नीति अवलम्बन गरिनेछ ।

१३. स्थानीय तहको निर्माण पछि यस नगरपालिकाको क्षेत्र विस्तार भएकोले भौगोलिक अवस्थालाई मध्यनजर राखी सबै वडाहरुलाई समेट्ने गरी सूर्योदय नगर बाह्य चक्रपथको सम्भाव्यता अध्ययन गरिनेछ ।

१४. नगरपालिका क्षेत्रभित्रको यातायात सेवालाई भरपर्दो र दिगो रुपमा सञ्चालन गर्न निजी/सहकारी क्षेत्रको सहयोगमा नगर बस सञ्चालन गर्न अध्ययन गरिनेछ ।

१५. हाल सञ्चालनमा रहेका DPR नबनेका सडकहरु प्राविधिक (इन्जिनियरिङ) दृष्टिबाट उपयुक्त भए नभएको यकीन गरी अनुपयुक्त स्थानमा परिवर्तन गर्नेगरी मात्र थप लगानी कार्य गरिनेछ । सुधार गर्न नसकिने रहेछ भने लगानी नगर्ने नीति अवलम्बन गरिनेछ ।

## ३. खानेपानी

*"जलश्रोत संरक्षणको अभियानः मानव जीवनको पहिचान"*

१. समुदायले प्रयोग गरिरहेको खानेपानीको मुहान कसैको नम्बरी आवादी भित्र नै परेपनि वडा समिति वा नगर कार्यपालिकासँग वैकल्पिक व्यवस्था गरी स्वीकृति नलिई मास्ने वा निषेध गर्न पूर्ण प्रतिबन्ध लगाइनेछ ।

२. नगर क्षेत्रभित्रका नागरिकलाई पिउने पानीको न्यूनतम व्यवस्थापन गर्न सबै पक्षसँग समन्वय गरिनेछ ।

३. विगत समयदेखि सामुहिक रुपमा सञ्चालनमा रहेका खानेपानीका मुहान तथा श्रोत सामुहिक/सार्वजनिक प्रयोगमा कसैले पनि अवरोध गर्न पाउने छैन । यदि कसैले अवरोध गरेमा त्यस्तो कार्य दण्डनीय हुने नीति अवलम्बन गरिनेछ ।

४. स्थानीय स्तरमा रहेका पानीका मुहानहरुको संरक्षण सम्वर्द्धन र प्रयोग गर्न वडा समितिको अगुवाईमा टोल विकास संस्था तथा समुदायलाई परिचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

५. परम्परादेखि सञ्चालनमा रहेको खानेपानीको मुहानलाई संरक्षण तथा सम्वर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ ।

६. गल्छी खोल्साबाट बग्ने पानीलाई सोहि ठाउँमा अड्याउन प्राकृतिक छेकबारका कार्यक्रम स्थानीय समुदायको अग्रसरतामा सञ्चालन गर्ने नीति लिइनेछ ।

७. पानीका श्रोत र बहाबक्षेत्र वरिपरि रसायनिक मल तथा विषादीको प्रयोग गर्ने कार्यलाई दण्डनीय गरिनेछ ।

८. घरघरमा आकाशेपानी संकलनका लागि प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ ।
९. खानेपानी मुहानको वरपर कुनैपनि किसिमको रुख, बिरुवा काट्न हटाउन नपाउने गरी समुदायकै सहयोगमा कडाईका साथ पालना गर्ने गराउने नीति अवलम्बन गरिनेछ ।
१०. सडक लगायतका भौतिक पूर्वाधारका संरचनाहरु निर्माण गर्दा गराउँदा पानीको मूल र श्रोतलाई हुन सक्ने हानी क्षतिलाई न्यूनीकरण गर्ने उपायहरु सँगसँगै अवलम्बन गर्ने नीति लिइनेछ ।
११. जोगमाई वृहत खानेपानी योजनाको निर्माण कार्य समयमै सम्पन्न गर्न आवश्यक सहयोग, समन्वयको नीति अवलम्बन गरिनेछ ।
१२. यस नगरपालिकाको वडा नं. १ लाई पानीको संरक्षित उद्गम तथा संरक्षित क्षेत्रको रुपमा संरक्षण, सम्वर्द्धन र विकास गर्न विज्ञहरु मार्फत एकीकृत सम्भाव्यता अध्ययन गरी गुरुयोजना निर्माण गरी क्रमशः कार्यान्वयन गर्ने गराउने नीति अवलम्बन गरिनेछ ।
१३. लिफ्टिङ सिस्टम अन्तर्गत सञ्चालनमा रहेका खानेपानीका योजनाहरुलाई वैकल्पिक उर्जाको प्रयोगद्वारा लागत साझेदारीका आधारमा प्रयोगमा ल्याउन सम्भाव्यता अध्ययन गरिनेछ ।
१४. खानेपानीको प्रयोजनका लागि प्रयोग भइरहेको विद्युतको हालको महशुल दर घटाउन सम्बन्धित निकायसँग पहल गरिनेछ ।
१५. फिक्कल खानेपानी तथा सरसफाई उपभोक्ता समिति अन्तर्गतका श्रीखोला खानेपानी आयोजनालाई व्यवस्थित, पारदर्शी र पूर्ण क्षमतामा ल्याउन पहल गरिनेछ ।
१६. खानेपानीको स्थानीय मुहान संरक्षण तथा मुहान आसपास पानी प्रदायक वनस्पति रोपण कार्यक्रम अभियानको रुपमा सञ्चालन गरिने छ ।

## ४. विद्युत तथा वैकल्पिक उर्जा

*"उज्यालो नगर हाम्रो अभियान, झिलीमिली सोलार सडक सूर्योदयको पहिचान"*

१. चिया प्रशोधन कारखाना, साना, मझौला, ठूला कलकारखाना तथा व्यावसायिक केन्द्रहरुमा आवश्यक पर्ने ट्रान्सफर्मर (Transformer) तीन फेज लाइन विस्तारको निम्ति विद्युत प्राधिकरणसँग समन्वय गरिनेछ ।

२. विद्युत प्राधिकरणसँग समन्वय गरी समुदाय समेतको लागत सहभागितामा तीन वर्षभित्र काठका बिजुली पोल प्रतिस्थापन गरिनेछ ।
३. हालसम्म पनि विद्युत सेवा नपुगेका टोल बस्तीहरुमा विद्युत प्राधिकरणसँग समन्वय गरि विद्युतीकरण गरिनेछ ।
४. राष्ट्रिय प्रशारण विद्युत विस्तार गर्दा तुलनात्मक रुपमा महंगो पर्ने टोल, बस्ती घरहरुमा उज्यालो बनाउन सरोकारवालाहरुको समेत सहभागितामा वैकल्पिक उर्जा (सौर्य उर्जा) को विस्तार गरिनेछ ।
५. दुई वर्षभित्र प्रत्येक नगरवासीको घरघरमा उज्यालोको लागि प्रयोग गरिने परम्परागत साधन (टुकी, मैनबत्ती र दियालो आदि) प्रतिस्थापन गरि सकिनेछ ।
६. पर्यटकीय क्षेत्र, सार्वजनिक महत्वका भवन तथा स्थान, बजारक्षेत्र, कालोपत्रे सडक क्षेत्रभित्रका टोलबस्ती समुदायको साझेदारीमा सौर्य सडक बत्ती जडान गर्ने नीति अवलम्बन गरिनेछ ।
७. नेपाल विद्युत प्राधिकरणको सूर्योदय नगरपालिकामा रहेको शाखालाई वितरण केन्द्रको रुपमा स्तरवृद्धि गर्न पहल गरिनेछ ।
८. विद्युतको केन्द्रीय प्रशारण तथा वैकल्पिक उर्जा शक्तिलाई नगरवासीको दैनिक आवश्यकता तथा उद्यम विकाससँग आबद्ध गर्ने नीति अवलम्बन गरिनेछ ।
९. वैकल्पिक उर्जाका सम्भावनाहरुलाई पहिचान गरी सरोकारवालाहरुको सहभागिता तथा समन्वयमा प्रयोगमा ल्याउने नीति लिइनेछ ।
१०. नगरपालिका क्षेत्रभित्र विद्युत उत्पादन गर्न गराउन आवश्यकता अनुसार सहजीकरण तथा समन्वय गर्ने नीति अवलम्बन गरिनेछ ।
११. विद्युत हाइटेन्सन लाइन मुनि कुनैपनि भौतिक संरचना निर्माण गर्न निरुत्साहित गर्ने नीति अवलम्बन गरिनेछ ।
१२. राष्ट्रिय सम्पत्तिको रुपमा रहेको अत्यन्त सम्वेदनशील हाईटेन्सन लाइनको विद्युतको पोल भएको दुई मिटर वरिपरि कुनैपनि किसिमको खनजोत गर्न पूर्ण निषेध गर्ने नीति अवलम्बन गरिनेछ ।
१३. बजार क्षेत्रमा रहेको विद्युत वितरणको तारलाई इन्सुलिन तारमा परिणत गर्न सम्बन्धित निकायसँग पहल गरिनेछ ।

१४. सामुदायिक विद्युत आयोजनाहरुलाई प्रतिस्थापन गरी नेपाल विद्युत प्राधिकरणको स्वामीत्वमा लैजान पहल गरिनेछ ।

## ५. बस्ती विकास तथा भूकम्प प्रतिरोधी भवन निर्माण

*"व्यवस्थित बस्ती, भूकम्प प्रतिरोध भवन निर्माण, हाम्रो अभियान"*

१. अति-विपन्न आर्थिक अवस्था भएका परिवारहरुको बसोवास गर्ने घरको छाना फुसको भएमा त्यस्ता घरहरुको फुसको छाना नगरपालिकाले प्रतिस्थापन गरी व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ ।

२. राष्ट्रिय भू-उपयोग नीतिका आधारमा कम्तीमा २० वर्षे दीर्घकालीन सोच सहित राष्ट्रिय सहरी विकास नीतिभित्र रही बस्ती विकासको कार्यक्रम सञ्चालन गर्ने गराउने नीति अवलम्बन गरिनेछ ।

३. राष्ट्रिय शहरी विकास नीतिलाई अवलम्बन गरी व्यक्ति/समुदायको अग्रसरतामा बस्ती विकासको कार्यक्रम सञ्चालन गरे गराएमा, त्यस्तो कार्यलाई प्रोत्साहित गर्न प्राविधिक तथा भौतिक पूर्वाधार निर्माणमा सहयोग तथा लगानी गर्ने नीति अवलम्बन गरिनेछ ।

४. जतासुकै बस्ती विकासका लागि प्लटीङ गरी अव्यवस्थित बस्ती विकास गर्ने कार्यलाई निरुत्साहित गरिनेछ ।

५. राष्ट्रिय शहरी विकास नीतिलाई अवलम्बन गरी व्यक्ति/समुदायको अग्रसरतामा बस्ती विकासको कार्यक्रम सञ्चालन गरे गराएमा, त्यस्तो कार्यलाई प्रोत्साहित गर्न प्राविधिक तथा भौतिक पूर्वाधार निर्माणमा सहयोग तथा लगानी गर्ने नीति अवलम्बन गरिनेछ ।

६. भवन निर्माण मापदण्ड लागु हुनुभन्दा अगाडि निर्माण भएका घरहरुलाई भवन निर्माण मापदण्डमा उल्लेख भएको व्यवस्था अनुसार घर अभिलेखीकरण कार्य अभियानको रुपमा सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।

७. संघीय, प्रदेश तथा नगरस्तरीय सडकमा जोडिएका जग्गा घरघडेरीका लागि कित्ताकाट गरी किनवेच गर्दा त्यस्ता सडकहरुसँग जोडिएको जग्गा र सो देखि ३०० मिटरको दूरीसम्म १९०.७८ वर्ग मिटर (६ आना) भन्दा घटी कित्ताकाट गरी किनवेच गर्न रोक लगाइने नीति अवलम्बन गरिनेछ । तर ६

आना बराबरका क्षेत्र मिलान गर्न कित्ता जोडिएको सँधियारसँग लिनदिन रोकिएको मानिने छैन तर दिने सँधियारको बाँकी रहने जग्गा ६ आना भन्दा कम हुनु हुनेछैन ।

८. नगरपालिकाको क्षेत्रभित्र निर्माण गरी निजी, सामुदायिक लगायतका सबै किसिमका भवन निर्माणका लागि भवन निर्माण मापदण्डलाई पूर्ण पालना गरी गराई भूकम्प प्रतिरोधी भवन निर्माण गर्ने गराउने नीति कडाईका साथ पालना गर्ने गराइने छ ।

९. तालिमप्राप्त कालिगढहरुबाट मात्र घर निर्माण गर्ने गर्न गराउन कालिगढ तालिम सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।

१०. घर निर्माण गर्दा अनियन्त्रित रुपले पहाड खार्ने प्रवृतिलाई निरुत्साहित गरिनेछ ।

११. घर निर्माण गर्दा अनिवार्य रुपमा नक्सापास गर्नुपर्ने छ । जमिनको बनौट अनुसार नै घर निर्माण गर्नेलाई घरनक्सा पास गर्दा १५% दस्तुर छुट दिने नीति अवलम्बन गरिनेछ ।

## ६. पर्यटन प्रवर्द्धन तथा संस्कृति नीति

*"हाम्रो संस्कार : पाहुनाको सत्कार "*

१. सूर्योदय नगरपालिकालाई प्रदेश सरकारको नीति तथा कार्यक्रममा पर्यटकीय नगरी घोषणा गरिएको प्रस्तावप्रति हार्दिक आभार व्यक्त गर्दै यस क्षेत्रको धार्मिक, ऐतिहासिक, साँस्कृतिक, कृषि, चिया, शैक्षिक पर्यापर्यटनको समग्र विकास गर्न पर्यटन व्यवसायसँग आबद्ध गर्ने नीति लिइनेछ ।

२. लोपोन्मुख लाप्चा, आदिवासी जनजातिको सँस्कृति परम्परालाई संरक्षण सम्वर्द्धन गर्दै पर्यटन प्रवर्द्धन विकास गर्ने नीति लिइनेछ।

३. नगरभित्रका पर्यटकीय गन्तव्य स्थलहरुमा सहज पहुँचको अवस्था सृजना गर्ने र त्यस्ता क्षेत्रहरुको व्यवस्थित विकास र व्यवस्थापन गरिनेछ । साथै नगरपालिकालाई सर्वकालीन पर्यटकीय गन्तव्य स्थल (Touristic Land for All Seasons) का रुपमा विकास गर्ने नीति लिइनेछ ।

४. सूर्योदय नगरपालिकाको पर्यटन र पर्यटकीय स्थलहरुको प्रवर्द्धनको निमित्त डकुमेन्ट्रीहरु निर्माण गर्ने तथा सूचना र प्रविधिको प्रयोगबाट प्रचार प्रसार गर्ने नीति अवलम्बन गरिनेछ ।
५. नगर कृषि पर्यटन, चिया पर्यटन, धार्मिक पर्यटन, शैक्षिक पर्यटन, पर्यापर्यटनको सम्भावना खोजी तथा विकास गर्दै सूर्योदयलाई पर्यटकहरुको प्रस्थान केन्द्रको रुपबाट गन्तव्य स्थानको रुपमा विकास गरिनेछ ।
६. निश्चित क्षेत्रहरु हेरेर सामुदायिक वनभोज स्थलहरु तथा पार्कहरु निर्माण गर्ने नीति रहनेछ ।
७. पर्यटकहरुलाई लक्षित गरी खाद्य पदार्थलाई विविधीकरण गर्ने नीति लिइनेछ ।
८. पर्यटन तथा पैदल मार्गहरुको अध्ययन गरी व्यवस्थित कार्यान्वयनको योजना थालनी गरिनेछ ।
९. पर्यटनको सम्भावनाहरुको दिगो व्यवस्थापन र प्रवर्द्धनको लागि यो वर्ष दाता सम्मेलन तथा सूर्योदय पर्यटन महोत्सव आयोजना गरिनेछ ।
१०. सम्भावना, सहजता र पहुँचताका आधारमा होम स्टे प्याकेज सञ्चालन गर्ने गराउने नीति लिइनेछ ।
११. सूर्योदय नगरपालिकाको होटल व्यवसायलाई व्यवस्थित गरी पर्यटक प्याकेज कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।
१२. समुदायमा आधारित व्यवस्थित बनभोज स्थल र चियावगान चौतारी तथा दृयावलोकन व्यवस्थापन कार्यका लागि आवश्यक सहयोग र सहजीकरण गर्ने निति अवलम्बन गरिनेछ ।
१३. पर्यटकमैत्री बानी व्यवहार सुधार सीप तथा तालिमका कार्यक्रमको संचालन गर्ने गराउने नीति अवलम्बन गरिनेछ ।
१४. होम स्टे (घरबास) को आचारसंहिता निर्माण गरी गराई स्थानिय उत्पादन सँग आवद्ध गर्ने गराउने नीति लिइनेछ ।
१५. यस नगरभित्र रहेका सबै समुदायको भाषा, कला, संस्कार, संस्कृति, ऐतिहासिक धार्मिक स्थलहरु यस नगरका साझा सम्पति भएकोले यिनीहरुको संरक्षण, प्रवर्द्धन र विकास गर्ने निति लिइनेछ ।
१६. साहसिक पर्यटनको सम्भाव्यता अध्ययन गरिनेछ ।

१७. ऐतिहासिक, धार्मिक तथा पुरातात्विक मठ, मन्दिर, गुम्बा, विहार आदीको संरक्षण तथा उपयोगलाई सम्बन्धित क्षेत्रको आयआर्जन सँग अन्तर सम्बन्धित गर्ने नीति अवलम्बन गरिनेछ ।

१८. पर्यटकहरुको प्रवेशद्वारमा पर्यटन व्यवसायीहरु सँगको साझेदारीमा पर्यटन सूचना केन्द्र क्रमशः संचालन गर्ने नीति अवलम्बन गरिनेछ भने सूर्योदयको भ्रमण पश्चात पर्यटकको धारणा या समस्या पहिचान गर्न हरेक प्रवेश द्वारमा पर्यटक सुझाव पेटिका राखिनेछ ।

१९. नगर क्षेत्रमा राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरको होटल व्यवसाय स्थापना तथा सञ्चालन गर्नका लागि ठूला लगानीकर्ताहरुलाई आकर्षित गर्ने नीति लिइनेछ ।

२०. पाहुनाहरुको सुविधाको निम्ति नगरभित्र रहेका सबै होम स्टे, होटल र सार्वजनिक सवारी साधनहरुको सूचीकृत गरी सबै आवश्यक विषयहरुमा सहजता प्रदान गर्न अनलाइन बुकिङ (Online Booking) को व्यवस्था मिलाइनेछ ।

२१. जैविक र सांस्कृतिक विविधता एवम् प्राकृतिक सौन्दर्यको अवलोकन र पर्यटकहरुको संख्या व्यापक रुपमा बढाउन सूर्योदय नगरपालिकाको गन्तव्यस्थलहरुको खोजी, विकास र सम्वर्द्धन गर्ने नीति लिइनेछ ।

## ७. कृषि तथा पशुपंछी विकास सम्बन्धी नीति

*"व्यावसायिक पशुपंक्षी र कृषि : नगरवासीको समृद्धि"*

### कृषि

१. निषेधित विषादीको प्रयोगमा प्रतिबन्ध गरिनेछ ।

२. निषेधित विषादीमुक्त नगर निर्माण गर्न कार्ययोजना निर्माण गरी विषादीमुक्त नगर निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।

३. जलवायु र जमिनको उर्वरताको अध्ययन गरी भू उपयोग सम्बन्धी योजना तर्जुमा गरी बालीहरुको पकेट क्षेत्र निर्माण गरी नगरको कृषि उत्पादनमा विविधीकरण गर्न प्रोत्साहन गरिनेछ ।

४. कृषि बालीमा अनाधिकृत रुपमा प्रयोग हुने रसायनिक मल र विषादीलाई प्रतिस्थापन गर्दै किसानको खेतबारीको माटो परिक्षण तथा उपचार साथै

जैविक मल र जैविक विषादीको प्रयोगमा प्रोत्साहन गर्न प्राविधिक सहयोग तथा साझेदारीमा कार्यक्रम संचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

५. आधुनिक कृषि प्रणालीलाई प्रोत्साहन गर्न अनुदानमा आधारित कृषि यान्त्रिकीकरण तथा कृषि अनुदानलाई उत्पादन परिणाममा आवद्ध गर्ने नीति लिइनेछ ।

६. स्थानीय साना स्रोतको सिचाईं आयोजना तथा आकाशेपानीलाई प्रविधियुक्त सिचाईं प्रणालीमा रुपान्तरण गर्दै कृषि योग्य जमिनलाई सिंचाई सुविधा उपलब्ध गराउने नीति लिइनेछ ।

७. कृषकहरुलाई समूह वा सहकारीमा आवद्ध गरी कृषि पाठशाला संचालन गर्ने गराउने व्यवस्था गरिनेछ ।

८. समग्र कृषि क्षेत्रलाई प्रांगारिक कृषिमा प्रवर्द्धन गर्न आन्तरिक नियन्त्रण प्रणालीको विकास गरिनेछ भने १ घर १ घार मौरी अभियानलाई प्राथमिकता दिइनेछ ।

९. प्रांगारिक प्रमाणित हुने क्रममा रहेका उद्योग तथा सहकारीलाई आवश्यक सेवा तथा सुविधा प्रदान गर्ने नीति अवलम्बन गरिनेछ ।

१०. स्थानीय सम्भाव्यता र तुलनात्मक लाभ अधिक भएको, बढी मूल्य प्राप्त हुन सक्ने र रोजगारी सृजना हुन सक्ने कृषि वस्तुको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने र कृषि यान्त्रिकीकरणलाई प्राथमिकता दिने नीति अवलम्बन गरिनेछ ।

११. एक वडा एक कृषि प्राविधिक कार्यक्रमलाई व्यावसायिक कृषि प्राविधिकलाई कृषकहरुको समूह/सहकारीमा आवद्ध गरी क्रमशः विस्तार गर्ने नीति अवलम्बन गरिनेछ ।

१२. कृषि उपज संकलन केन्द्र, कृषि थोक बजार तथा कृषि उत्पादनको Buffer Stock Operation सरोकारवालाहरुको सहयोगमा निर्माण सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।

१३. कृषि पेशामा हुने जोखिम न्यूनीकरण गर्न कृषि बीमा गर्न गराउन प्रोत्साहन गरिनेछ ।

१४. अर्गानिक चिया लिलाम केन्द्र स्थापना गर्न पहल गरिनेछ ।

१५. इलामको पहिचानको रुपमा रहेको अलैंचीको विकास प्रवर्द्धन, उत्पादन, वृद्धि, प्रशोधन तथा प्याकेजिङ्गका क्षेत्रमा अलैंची विकास केन्द्रको सहयोग र समन्वयमा सरोकारवालाहरुको समेत लगानी साझेदारीमा गुणस्तरीय उत्पादन वृद्धि गर्ने गराउने तर्फ उन्मुख गर्ने गराउने नीति रहनेछ ।

१६. ईलामकै लोप हुदै गइरहेको पुत्का संरक्षण र महको उत्पादनमा जोड दिन विशेष कार्यक्रम ल्याइनेछ ।

१७. कफी खेतीको निम्ति माटो र हावापानीको परीक्षण तथा सम्भाव्यता अध्ययन गरी काम सुरु गरिनेछ ।

१८. कृषियोग्य जमिनमा चाक्लाबन्दी तथा गह्रा सुधार कार्यक्रम संचालन गर्न प्रोत्साहन गरिनेछ ।

१९. कृषि, पशुपक्षी तथा प्राविधिक विद्यालयको सम्भावना अध्ययन गरिनेछ ।

२०. व्यावसायिक रुपमा उत्पादन हुने र कृषि तथा पशुजन्य उत्पादनलाई औद्योगीकरणमा प्रोत्साहन गर्न साना किसानलाई सहकारीमा आवद्ध गराई चिया तथा दूग्धजन्य उद्योग निर्माण गर्न पहल गर्ने तथा कर्जा सरलीकरण गर्ने नीति अवलम्बन गरिनेछ ।

२१. सूर्योदय नगरपालिकाभित्र रहेका दूग्धजन्य पदार्थको उत्पादन गर्ने साना तथा मझौला उद्योगहरुलाई वर्गीकरणको मापदण्ड अनुसार व्यवस्थित तथा सेवासुविधाको व्यवस्थापन गर्ने नीति लिइनेछ ।

२२. चिया तथा कफी विकास बोर्डबाट प्रदान गरिने प्राविधिक तथा अन्य सहयोग पारदर्शी, किसानमुखी, प्रभावकारी तथा नतिजामुखी बनाइनेछ ।

२३. नगरभित्र निर्धारण गरिएको चियाको न्यूनतम मूल्य रु ४० (चालिस) लाई पूर्णरुपले कार्यान्वयन गरिनेछ ।

२४. अन्तर्राष्ट्रिय चिया ग्राहकको चाहना बमोजिम र उनीहरुले तोकेको मापदण्डभित्र रही चिया उत्पादन गर्ने वातावरण मिलाउने व्यवस्था गरिनेछ ।

२५. चियाखेती सम्बन्धी सम्पूर्ण जानकारी जस्तैः काटछाँट, विषाधी प्रयोगबाट हुने बेफाइदा, जैविक मल उत्पादन सम्बन्धी जानकारी आदि कृषकलाई दिन चिया विस्तार योजनासँग समन्वय गरी सूचना केन्द्र राख्न पहल गरिनेछ ।

२६. चिया कृषक तथा साना उद्यमीहरुलाई न्यून ब्याज दरमा ऋण उपलब्ध गराउन सहजीकरण गरिनेछ ।

२७. चिया तथा कफी विकास बोर्ड अन्तर्गतको चिया विस्तार योजनाको क्षेत्रलाई किसान प्रदर्शनी तथा अनुसन्धानशाला स्थलको रुपमा विकास गरिनेछ भने चियाको उन्नत विरुवा उत्पादनलाई प्राथमिकता दिइनेछ ।

२८. कृषि थोक बजार, कृषि उपज संकलन केन्द्र आदिको निर्माण गरी उपभोक्ता सचेतना गरी आयात प्रतिस्थापन गर्ने नीति लिइनेछ भने नगरपालिका तरकारीमा आत्म निर्भर रहने गरी निर्यातमुखी उत्पादनलाई प्राथमिकता दिइनेछ ।

२९. खाद्यान्न तथा सब्जीको विषादी मापन गर्न आवश्यक ल्यावको पहल गरिनेछ ।

३०. सूर्योदय नगरपालिकाले पारित गरेको गुणस्तरीय चिया उत्पादन मापदण्ड कार्यविधि पूर्ण रुपमा लागू गर्दै अन्तराष्ट्रिय गुणस्तरको चिया उत्पादन गर्ने नीति लिइनेछ ।

३१. स्थानीय रैथाने जातको वीउविजन संरक्षण गर्ने नीति रहनेछ ।

३२. किसानहरुलाई प्रविधिमैत्री बनाउने नीति लिइनेछ ।

३३. सार्वजनिक निजी साझेदारीमा नगर स्तरीय एक चिया टेस्टिङ्ग हाउस तथा तयारी चिया प्रदर्शन कक्षहरु निर्माण गर्न शुरुवात गरिनेछ ।

३४. कृषकलाई उद्यमी र कृषिलाई उद्योगको रुपमा विकास गर्ने नीति अवलम्बन गरिनेछ ।

३५. उपभोक्ता हित संरक्षणलाई ध्यानमा राखेर अनुचित कृषि उत्पादन क्रियाकलाप तथा व्यापारिक गतिविधिबाट उपभोक्तामा हुने शोषणको अन्त्य गर्ने नीति अवलम्बन गरिनेछ ।

३६. किसान ओलम्पिक तथा किसान उत्प्रेरणाको कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३७. नगर स्तरीय एक कृषि पार्कको निर्माण गर्न अध्ययन गरिनेछ ।

३८. नगर क्षेत्रमा चिया सुपर जोन (Tea Super Zone) परियोजना सञ्चालन गर्नका लागि संघीय सरकारसँग समन्वय गरिनेछ ।

३९. सूर्योदय नगरपालिकामा अदुवाको उत्पादन वृद्धि गरी बजार सुनिश्चित गर्न अदुवा प्रशोधन केन्द्रको स्थापना गर्न अध्ययन शुरुवात गरिनेछ ।

४०. तरकारीवालीको पकेट क्षेत्रहरु पहिचान गरी घोषणा गरिनेछ ।

४१. विशेष नगदेवालीको रुपमा नगरको हरियो चियापत्ती उत्पादन र तयारी अर्थोडक्स चियाको निकासी कर छुटको निम्ति सम्बन्धित निकायहरुमा पहल गरिनेछ ।

४२. जडिबुटी खेतीतर्फ कृषकहरुलाई आकर्षित गर्ने नीति अवलम्बन गरिनेछ ।

४३. नगरक्षेत्रमा उत्पादन हुने चियालाई चार वर्षभित्रमा अन्तर्राष्ट्रिय स्तरमा विशिष्ट, मौलिक तथा नमुना ब्राण्डको रुपमा स्थापित गर्ने नीति लिइनेछ ।

४४. कृषि उत्पादनहरुमा भौगोलिक सुचक (Geographical Indicator- GI) कायम गरिनेछ ।

४५. नगर क्षेत्रभित्र उत्पादन हुने निर्यातयोग्य तरकारीवालीहरुमा प्राविधिक तथा अन्य विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

४६. कृषक उद्यमी व्यावसायिक प्रोत्साहन पुरस्कारको व्यवस्था गरी वार्षिक रुपमा तीन जना सफल कृषक र तीन जना सफल उद्यमीहरुलाई पुरस्कृत गर्दै लैजाने कार्यक्रम तर्जुमा गरिनेछ ।

४७. सूर्योदय नगरपालिकाभित्र जलवायु तथा भूगोलको आधारमा पूष्प व्यवसायको प्रवर्द्धन तथा हाइब्रिड बिउहरुको उत्पादन गर्न अध्ययन गरिनेछ ।

४८. बढ्दो उपभोग घट्दो खेतीको रुपमा रहेको औषधीय गुणसमेत रहेको कागतीजातका फलफूल खेतीको सूर्योदय नगरपालिकामा सम्भाव्यता अध्ययन गरी उत्पादनहरुलाई व्यावसायिकरण गर्ने नीति लिइनेछ ।

४९. आधुनिक कृषि प्रणाली अन्तर्गत जैविक खेतीलाई व्यावसायिकरण गर्न तथा उत्पादनमा वृद्धि ल्याउन जि.आई. पाइप राखेर बनाइने तापमान अनुकुलित अत्याधुनिक हाइटेक (हरितगृह) प्रविधि भित्र्याउन सरोकारवालाहरुसँग समन्वय गरी सञ्चालन गर्ने नीति रहनेछ ।

## पशुपंक्षी

१. सरोकारवालासँग विशेष समन्वय गरी यो वर्ष १००० डोज उन्नत सेक्सड (९०% बाछीमात्र जन्मने) सिमेन उपलब्ध गराउन पहल गरिनेछ ।

२. पशुपंक्षी पालनलाई आयमूलक तथा सम्मानित पेशाको रुपमा विकास गर्ने नीति अवलम्बन गरिनेछ ।

३. निर्वाहमुखी पशुपंक्षी पालनलाई व्यवसायको रुपमा विकास गर्ने गराउने नीति लिइनेछ ।

४. व्यावसायिक पशुपंक्षी पालन र त्यसको स्रोत विकास तथा संरक्षण सेवा तथा बजार व्यवस्थापनमा निजी समुदाय तथा सहकारी क्षेत्रलाई संलग्न गराउने नीति अवलम्बन गरिनेछ ।

५. उपयुक्त स्थान खोजी पशु हाटबजार सञ्चालनको सम्भाव्यता अध्ययन गरिनेछ ।

६. सूर्योदय नगरपालिकालाई गाईको स्रोत केन्द्रको रुपमा विकास गर्ने योजना निर्माण गरिनेछ ।

७. व्यवसायको विविधीकरण गरी व्यावसायिक उत्पादनलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।

८. पशु वधशाला स्थापना र संचालन निजी/सार्वजनिक साझेदारीमा गर्न गराउन आवश्यक पूर्वाधारको विकासमा सहयोग उपलब्ध गराउने नीति लिइनेछ ।

९. कृत्रिम गर्भाधानमा उन्नत नश्लको ब्यवस्था गरी नश्ल सुधार कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

१०. सहकारी वा समूह मार्फत पशु आहारा (घाँस चारो) को वीउ, औषधी तथा पशुप्रजनन (कृत्रिम गर्भाधान) को सेवाप्रवाह गर्ने नीति लिइनेछ ।

११. गोठ तथा खोरहरुको सुधार, गोठेमलको संरक्षण गर्ने, कम्पोष्ट मल बनाउने, शीप तथा प्रविधि सम्बन्धी तालिम तथा सचेतना कार्यक्रम प्राविधिक सेवा वडावडामा पुर्‍याउने नीति अवलम्बन गरिनेछ ।

१२. एक वडा एक पशु स्वास्थ्य कार्यकर्तालाई पशुपंक्षी पालन समूह/सहकारी सँग आवद्ध गरी व्यावसायिक पशु स्वास्थ्य कार्यकर्ता सेवा उपलब्ध गराउने नीति क्रमशः विस्तार गर्दै लैजाने नीति अवलम्बन गरिनेछ ।

१३. पशुपालनमा हुने जोखिम न्यूनीकरण गर्न पशुबीमालाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

१४. पशुपंक्षी पालनलाई उद्योग र सहकारी एवं समूहहरुलाई उद्योगी बनाउने नीति लिइनेछ ।

१५. विज्ञहरुसँगको सहकार्यमा पशुपक्षीपालनलाई निश्चित क्षेत्र हेरी पकेट क्षेत्रको निर्माण गरिनेछ । प्रत्येक वडामा पशुपंक्षीपालनमा आवश्यक प्राविधिक जनशक्ति उत्पादनमा सहयोग गर्ने नीति लिइनेछ ।

## ८. सहकारी, गरिबी न्यूनीकरण तथा उद्यमशीलताको विकास सम्बन्धी नीति

*"सहकारीः दिगो विकासको आधार"*

१. सहकारी मार्फत पूँजी संकलन कार्य गरी हरेक वडामा एक सहकारी उद्योग निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।

२. सहकारी संस्थाहरु मार्फत कृषि उपज संकलन तथा हाटबजार व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ ।

३. नगरभित्र रहेको सहकारीहरु अवस्था अध्ययन गरी एकीकरण, विगठन तथा खारेजी गरी सहकारी सिद्धान्त मूल्य र मान्यता अनुरुप सहकारी संचालनको आवश्यक योजना निर्माण गर्ने कार्य गरिनेछ ।

४. लक्षित वर्गका कार्यक्रमहरु संचालन गर्दा आर्थिक विकास र गरिबी न्यूनीकरणमा केन्द्रित ढंगले संचालन गर्ने नीति लिइनेछ ।

५. नगर क्षेत्रमा रहेका विभिन्न समूहहरुलाई सहकारिताको माध्यमबाट शहरी गरिबी न्यूनीकरण एवं सामाजिक पूँजी निर्माणमा जोड दिइने नीति लिइनेछ ।

६. संचालनमा रहेका सहकारीहरुको क्षमता विकास तथा संस्थागत सुदृढीकरण गर्ने गराउने तर्फ प्रोत्साहित गर्ने नीति लिइनेछ ।

७. सबै टोल बस्तीमा रहेका बेरोजगार तथा न्यून आय भएका व्यक्तिहरुलाई उत्पादक सहकारीसँग आवद्ध गरी स्वरोजगारमुलक व्यवसाय सञ्चालन गर्न प्रेरित गर्ने तथा उद्यमशीलता सहज गर्न आवश्यक नीति अवलम्बन गरिनेछ ।

८. उत्पादनमूलक सहकारीलाई स्वरोजगार कार्यक्रम अन्तर्गत संचालन गर्ने गरी कृषि, पशुपंक्षीपालन, घरेलु तथा कुटीर उद्योग कारिगढी र शिप अभिवृद्धिका कार्यक्रम संचालन गर्न गराउन प्राथमिकता दिने नीति अवलम्बन गरिनेछ ।

९. दुई वा दुईभन्दा बढी सहकारीहरुले एक आपसमा सम्झौता गरी रोजगारी सिर्जना गर्ने मझौला तथा ठूला उद्योग व्यवसाय संचालन गर्न प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ ।

१०. लघु उद्यम विकास कार्यक्रमको माध्यमबाट गरिबी न्यूनीकरण गर्ने नीति अवलम्बन गरिनेछ ।

११. उद्यम गर्न चाहने तर पूँजीको अभावमा उद्यम संचालन गर्न नसकेका यूवाहरुलाई लक्षित गरी सञ्चालन गरिएको "हामी उद्यम आफ्नै पौरखमा गर्दछौं" कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

## गरिबी निवारण

१. गरिबी निवारण सम्बन्धी स्थानीय नीति तथा पहिचानको मापदण्ड तयार गरी दिगो विकास लक्ष्यका पाँच स्तम्भ र सत्र लक्ष्यहरु प्राप्त गर्न सक्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२. सुकुम्वासी सम्बन्धी जिविकोपार्जन र वसोवासको व्यवस्थापनको लागि पहल गरिनेछ ।

३. आर्थिक समानता र सामाजिक न्यायलाई सुनिश्चित गर्ने नीति रहनेछ ।

४. सरकारी, गैह्रसरकारी, नीजि, सामुदायिक तथा सरकारी कार्यालयमार्फत रोजगारीमुलक, गरिबी निवारण उन्मुख, दिगो र फराकिलो आर्थिक वृद्धि हासिल गर्न ज्ञान, सीप र चेतनाले पूर्ण सचेत र उत्पादनशील नगरबासीको परिकल्पना सहित सूर्योदय एकीकृत सामुदायिक विकास कार्यक्रमको नीति लिइनेछ ।

५. रेमिटयान्स (विप्रेषण) लाई उत्पादनमुलक क्षेत्रमा लगानी गर्न सहजीकरण गर्ने नीति अवलम्बन गरिनेछ ।

## ९. उद्योग, वाणिज्य तथा बजार व्यवस्थापन नीति

*"उद्योगको विकास, स्वच्छ व्यापारः उचित मूल्य, गुणस्तरीय वस्तु उपभोक्ताको अधिकार"*

## उद्योग विकास

१. नगरभित्र संचालित व्यवसायहरुलाई संगठित गर्न व्यवसायजन्य सुशासन र संरक्षण गर्न नगरभित्रको व्यावसायिक संघ संगठनहरुसँग सहयोग र सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ ।

२. बैंक तथा वित्तिय संस्थाहरुसँग समन्वय गरी आर्थिक विकासमा लगानीमैत्री वातावरण निर्माण गर्न पहल गरिनेछ ।

३. दशजना भन्दा बढी मानिसलाई रोजगार दिने गरी स्थापना हुने उद्योगहरु स्थापना गर्ने उद्योगसम्म पुग्ने सडक, विद्युत, खानेपानी तथा सुरक्षा जस्ता आधारभ ूत पूर्वाधार निर्माण गर्न सहयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

४. ब ीसजना भन्दा माथिको संख्यामा रोजगार दिने पर्यटन उद्योग ीहरुलाई करमा विशेष छुट दिने नीति अवलम्बन गरिनेछ ।

५. साना तथा लघु उद्योगहरुको स्थापना तथा विकासलाई सहज किसिमले स्थापना गर्ने तथा वित्तीय स्रोत सहज ढंगबाट उपलब्ध गर्ने गराउने कार्यमा पहल गर्ने नीति लिइनेछ ।

६. सहकारीहरुलाई कार्यको प्रकृतिलाई ध्यानमा राखी उत्पादनमूलक उद्योग स्थापना तथा सञ्चालन तर्फ उन्मूख गर्ने गराउने नीति लिइनेछ ।

७. उद्योग व्यापारका लागि आवश्यक पर्ने पूँजी सहुलियत ब्याजदरमा सहज ढंगबाट प्राप्त गरी सहुलियतपूर्ण ब्याजदरमा उद्योगधन्दा तथा व्यापारका लागि प्राप्त गर्न गराउन सहकारी संस्था मार्फत उपलब्ध गर्ने गराउने व्यवस्था मिलाउन सहजीकरण गर्ने नीति अवलम्बन गरिनेछ ।

८. यस नगर क्षेत्रमा रहेको उद्योगहरुलाई प्रोत्साहन गर्न उत्पादित वस्तु तथा सेवाहरुको निर्यातमा सहुलियत प्रदान गर्न सम्बन्धित निकायमा र सरल बजार ीकरणको लागि पहल गरिनेछ ।

९. वाणिज्य क्षेत्रलाई सरल र सुरक्षित बनाउन सरकारी तथा गैरसरकारी पक्ष, सरोकारवालाहरु, सम्बन्धित अन्य व्य ावसायिक स ंगठनहरुसँग सहकार्य गरी सस्तो, सरल र सुरक्षित आयात निर्यात गर्ने नीति नियमहरुको निर्माण गर्न पहल गरिनेछ ।

१०. स्वदेशी उद्योगहरुलाई प्रोत्साहन गरी विदेशी आयातलाई कम गर्दै लैजाने र निर्यातलाई प्रोत्साहन गरिनेछ ।

११. भारतीय अन्तरराष्ट्रिय सीमा सम्बन्धको आधारलाई मध्यनजर गरी पर्यटन, वाणिज्य लगायतको क्षेत्रको विकासको लागि व्यापार, खेल, अध्य ागमन, कार्यालय, प्लान्ट एण्ड एनिमल क्वारेन्टाईन कार्यालय सम्बन्धित निकाय र तहहरुसँग समन्वय गरी स्थापना गर्न पहल गरिनेछ ।

१२. यस नगर क्षेत्र भित्रको बजारहरुलाई स्वस्थ, सुरक्षित र प्रतिष्पर्धी बनाउन स्थानीय निकायसँग सहकार्य गरी बजार अनुगमन गर्दै यसलाई अझ बढी विकास तर्फ लैजाने कार्य गरिनेछ ।

१३. सहकारी उद्योगबाट उत्पादित चिजवस्तुको बजार प्रवर्द्धनको लागि पहल गरिनेछ ।

१४. यस नगरभित्र उत्पादन भएको कृषि उपजहरुलाई दीर्घकालिन रुपमा सुरक्षित गरी व्यवसायी, कृषकहरुलाई राहत र सुरक्षा प्रदान गर्नका लागि एउटा शीत-भण्डार निर्माणको अध्ययन र पहल गरिनेछ ।

१५. नगरपालिकामा उत्पादित कच्चा दूधको सहज बजार व्यवस्थापन गर्न सूर्योदय नगरस्तरीय एक पाउडर प्लान्टको स्थापना गर्न अध्ययन गरिनेछ ।

१६. नगर उद्योग वाणिज्य संघसँग व्यावसायिक विकास र प्रवर्द्धनको लागि सहकार्य र समन्वय गर्ने नीति लिइनेछ ।

१७. उद्योग र वाणिज्य क्षेत्रमा काम गर्ने नगरभित्र रहेका संघसँस्थासँग समन्वयको नीति अवलम्बन गरिनेछ ।

१८. सूर्योदय नगरपालिकाभित्र सेवा सञ्चालनमा रहेको बैंङ्क, वित्तीय सँस्थाहरुको वित्तीय कारोबारलाई व्यवस्थित गर्न सहयोग गर्दै लगानीमैत्री वातावरण सिर्जना गर्ने नीति लिइनेछ ।

### खानी तथा खनिज पदार्थ

१. खानी तथा खनिज पदार्थको संरक्षण गरिनेछ ।

२. जथाभावी रुपमा ढुंगा, गिटी, बालुवा, माटो जस्तो खनिजजन्य वस्तुको उत्खनन् गर्ने कार्यलाई निरुत्साहित गरिनेछ ।

३. सूर्योदय न.पा. वडा नं. ४, ६ र ८ मा रहेको भनिएको तामाखानीको सरोकारवाला निकायसँग समन्वय गरी अध्ययन सुरुवात गरिनेछ ।

## १०. शिक्षा सम्बन्धी नीति

*गुणस्तरीय प्राविधिक र व्यावहारिक शिक्षाः नैतिकवान र सक्षम जनशक्ति उत्पादन हाम्रो आकांक्षा"*

१. प्रारम्भिक बाल शिक्षा तथा विद्यालय शिक्षा, अनौपचारिक शिक्षा, वैकल्पिक शिक्षा (गुरुकुल, गुम्बा आदि) निरन्तर सिकाई तथा विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन गरिनेछ ।
२. प्राविधिक तथा व्यावसायिक शिक्षाको योजना तर्जुमा, सञ्चालन तथा नियमन गरिनेछ ।
३. बाह्र महिना बाह्र कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ ।
४. विद्यालयको नक्सांकन अनुमति, स्वीकृति तथा समायोजन र नियमन गरिनेछ ।
५. विद्यालयहरुमा शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भार गरिने नीति लिइनेछ ।
६. शैक्षिक परामर्श सेवा सञ्चालन र नियमन गरिनेछ ।
७. माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय वा नियमन गरिनेछ ।
८. सार्वजनिक स्थल तथा सामुदायिक विद्यालयमा पुस्तकालय, वाचनालय, सामुदायिक अध्ययन केन्द्र सञ्चालन, व्यवस्थापन र नियमन गरिनेछ ।
९. नगरभित्रका विद्यालयहरुमा अतिरिक्त क्रियाकलाप अन्तर्गत खेलकूद, भाषिक, साहित्यिक कला साँस्कृतिक पक्ष, हाजिरीजवाफ आदि जस्ता कार्यक्रमहरु प्रतियोगितात्मक रुपमा सञ्चालन गरिनेछ ।
१०. बौद्धिक रुपमा अपांगता भएका बालबालिकाका लागि श्रोत केन्द्र सञ्चालन गरी पठनपाठनको व्यवस्था मिलाइनेछ । हिंसा पिडित, वहिस्कृत फरक क्षमता भएका व्यक्तिहरुलाई प्राविधिक शिक्षा दिने प्रवन्ध गरिनेछ ।
११. सूर्योदय नगरपालिका चियाको राजधानीको रुपमा रहेको र बहुसंख्यक किसान चिया खेतीमा आश्रित रहेको हुँदा विद्यालयमा चिया खेती विषयमा मावि तहसम्म अध्ययन अध्यापन गराउने पाठ्यक्रम विकास गर्ने नीति लिइनेछ । विद्यालय स्तरदेखि नै कृषिमा प्रांगारिक पाठ्यक्रमको व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ ।
१२. विद्यालयहरुमा प्रविधि विकासका लागि उचित व्यवस्था गरिनेछ ।
१३. विद्यालयलाई नमुना विद्यालयको रुपमा अगाडि बढाउने कार्यलाई निरन्तरता दिइनेछ ।

१४. विद्यालय स्तरदेखि नै मानसिक स्वास्थ्य, मनोसामाजिक तथा साँस्कृतिक ज्ञान प्रदान गर्ने व्यवस्थाका लागि पहल गरिनेछ ।

१५. गुठीद्वारा सञ्चालित विद्यालयलाई आवश्यक सहयोग उपलब्ध गराउने नीति लिइनेछ ।

१६. सामुदायिक विद्यालयमा आधारभूत तथा मा.वि. तहमा अध्ययनरत डेरा गरी बस्नुपर्ने विद्यार्थीहरुलाई आवासीय छात्रवृत्ति उपलब्ध गराउने नीति रहनेछ ।

१७. क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

१८. करफोक विद्यामन्दिर मा.वि. र जनक मा.वि. श्रीअन्तुमा भएको वनलाई वैज्ञानिक रुपमा व्यवस्थापन गर्ने तथा करफोकमा जैविक विविधता अध्ययन अनुसन्धान केन्द्रको स्थापना गर्न पहल गर्ने नीति अवलम्बन गरिनेछ ।

१९. सिकाई उपलब्धि वृद्धि गर्ने कार्य अघि बढाउनका लागि केही राम्रो अभ्यास भएका विद्यालय छनौट गरी Whole Time Class अवधारणालाई कार्यान्वयनमा ल्याइनेछ ।

२०. नगर शिक्षा सुधार कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।

२१. विद्यालयमा काम गर्ने कर्मचारीहरुलाई वार्षिक रुपमा छनौट गरी पुरस्कृत गर्ने नीति रहनेछ ।

२२. शिक्षकहरुलाई विषयगत अध्ययन र सीपहरुको बीच प्रतिस्पर्धा गराई पुरस्कारको व्यवस्था गर्ने नीति लिइनेछ ।

२३. नगरभित्र सामुदायिक विद्यालयबाट SEE परीक्षामा A+ ग्रेड ल्याई उत्तीर्ण हुने विद्यार्थीहरुको निम्ति छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

२४. उत्कृष्ट आधारभूत र माध्यमिक विद्यालयहरुको पहिचान गरी पुरस्कारको व्यवस्था गरिनेछ ।

२५. नगरभित्र रहेका स्नातक तह सञ्चालित क्याम्पसको शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि आवश्यक पहल गरिनेछ ।

२६. नगरभित्र विद्यालय जाने उमेर समूहको बालबालिकाहरु विद्यालय जान नसक्नुको अवस्थालाई हेरी सबै किसिमको सहयोग उपलब्ध गराई विद्यालय भर्ना गर्ने नीति लिइनेछ ।

## ११. खेलकूद तथा अतिरिक्त क्रियाकलाप सम्बन्धी नीति

*सक्षम खेलाडी, प्रतिष्पर्धी खेल*

१. सूर्योदय नगरपालिका भित्र सञ्चालन गरिने खेलकूदहरु वार्षिक खेलकूद क्यालेण्डर निर्माण गरी नगरस्तरीय खेलहरु गरिने नीति लिइनेछ ।
२. "एक वडा एक खेल मैदान" को अवधारणा अनुसार खेलमैदान निर्माण तर्फ पहल गरिनेछ ।
३. नगर, क्षेत्र, प्रदेश स्तरीय खेलकूद सञ्चालनका लागि प्रदेश स्तरीय खेल मैदान निर्माण तर्फ पहल गरिनेछ ।
४. इण्डोर खेल सञ्चालनका लागि नगरस्तरीय कभर्डहल निर्माण तर्फ पहल गरिनेछ ।
५. यस नगरपालिकाका विभिन्न खेलका खेलाडीहरुलाई प्रशिक्षणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
६. अन्तर विद्यालयहरुको नगर स्तरीय प्रतियोगितात्मक खेल सञ्चालन गर्ने नीति ल्याइनेछ ।
७. महिला लक्षित नगरस्तरीय एथ्लेटिक्स (Athletics) प्रतिष्पर्धा गराइने नीति लिइनेछ ।
८. नगरपालिका भित्र अन्तर्राष्ट्रिय क्रिकेट खेलमैदान निर्माण गर्न पहल गरिनेछ ।
९. बास्केटबल खेलको विकास गर्न मैदान निर्माणका लागि आवश्यक पहल गरिनेछ ।
१०. लोपोन्मुख आदिवासी, दलित र विपन्न वर्गका नगरस्तरीय खेलाडीहरुलाई निशुल्क स्वास्थ्य वीमा गर्ने नीति लिइनेछ ।
११. राष्ट्रिय स्तरमा उत्कृष्ट भई पुरस्कार प्राप्त गर्ने नगरक्षेत्रका खेलाडीहरुलाई नगरपालिकाको तर्फबाट सम्मान गरिनेछ ।
१२. मेयर कप फूटबल प्रतियोगितालाई निरन्तरता दिइनेछ ।

## १२. स्वास्थ्य सम्बन्धी नीति

*स्वास्थ्य बीमा, निशुल्क उपचारः आधारभूत स्वास्थ्य, जनताको अधिकार*

१. महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।
२. सूर्योदय नगरपालिका भित्र एउटा २५ शैयाको अत्याधुनिक हस्पिटल उपयुक्त स्थानको छनौट गरी प्रदेश सरकारसँग समन्वय गरी शीघ्र निर्माणमा प्रयास गरिनेछ ।

३. सम्पूर्ण वडाहरुमा प्रशुति गृह सञ्चालन गर्ने नीति लिइनेछ ।

४. योग सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५. सबै नगरवासीहरुलाई अनिवार्य स्वास्थ्य बीमामा आबद्द गर्ने नीति लिइनेछ ।

६. यस नगरपालिकाका स्वास्थ्य चौकी नभएका वडाहरुमा स्वास्थ्य चौकी स्थापना गरी सेवाग्राहीलाई सुलभ स्वास्थ्य सेवा उपलब्ध गराइने नीति लिइनेछ ।

७. प्रजनन स्वास्थ्य तथा विभिन्न रोगहरुसँग सम्बन्धित सचेतना कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।

८. हाल सञ्चालनमा रहेका स्वास्थ्य केन्द्र र चौकीमा बाह्रै महिना अत्यावश्यक निशुल्क वितरण हुने औषधी र उपकरणहरु अभाव नहुने प्रबन्ध मिलाइनेछ ।

९. गाउँघर क्लिनिक सञ्चालन तर्फ आवश्यक नीति लिइनेछ भने औचित्य र आवश्यकताका आधारमा समय समयमा विभिन्न स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

१०. सूर्तीजन्य पदार्थ, गुटखा तथा मदिराको उत्पादन, विक्री वितरणमा कडाईका साथ नियमन गरिनेछ । अस्वस्थकर खानेकुरा उत्पादन र विक्रीवितरणलाई निरुत्साहित गर्दै लगिने छ । विषादीको प्रयोग नियन्त्रण गरी अर्गानिक उत्पादन र वितरणमा प्रोत्साहन गर्ने नीति लिइनेछ ।

११. समुदायमा आधारित विभिन्न कार्यक्रमहरु सञ्चालन गरी मानसिक समस्या रोकथाम, पहिचान, मनोविमर्श तथा निशुल्क उपचारको व्यवस्था मिलाउने नीति लिइनेछ ।

१२. आधारभूत स्वास्थ्य जनताको अधिकार कार्यक्रम सञ्चालन गर्दै जाने नीति लिइनेछ ।

१३. फिक्कल स्वास्थ्य केन्द्रमा बिरामीको चाप बढेको कारणले स्थान अभाव हुनुका साथै २४ घण्टे आकस्मिक सेवा उपलब्ध गराउन आकस्मिक सेवाकक्ष भवन निर्माण गर्न पहल अध्ययन गरिनेछ ।

१४. ब्लड बैंङ्क स्थापनाका लागि अक्षय कोषको व्यवस्था गर्ने नीति लिइनेछ ।

१५. मौसम परिवर्तनको कारणले हुने महामारी रोग एवम् दैवीप्रकोपको सामना गर्न वडास्तरमा CRRT तथा सम्पूर्ण वडाको समन्वय गर्न नगरस्तरीय MRRT गठन गरिनेछ ।

१६. निजी क्लिनिक, अस्पताल, ल्याव तथा स्वास्थ्य संस्थाहरुको सञ्चालन मापदण्ड तयार गरिनेछ । साथै नियमित अनुगमनलाई थप प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ ।

१७. डाक्टरको प्रेस्क्रिव्सन बिना एन्टिवायोटिक औषधी विक्रीवितरण बन्द गर्नतर्फ पहल गरिनेछ ।

१८. पोषण सम्बन्धी राष्ट्रिय दिवसहरु सञ्चालन गरिनेछ ।

१९. सडक तथा पसलहरुमा जथाभावी विक्री गरिने स्वास्थ्यमा असर गर्ने जुनसुकै औषधी तथा अन्य सामग्री विक्रीमा बन्देज लगाइनेछ ।

२०. सम्पूर्ण स्वास्थ्य संस्थामा वैकल्पिक उर्जाको व्यवस्था गरिनेछ ।

२१. Oral र Mental का कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिइनेछ ।

२२. मानसिक तथा मनोसामाजिक स्वास्थ्यको अभिवृद्धि तथा मानसिक स्वास्थ्य समस्याको रोकथाम तथा उपचारको लागि विभिन्न कार्यक्रम तथा क्रियाकलाप गर्ने नीति लिइनेछ।

## १३. लैंगिक समानता तथा समावेशीकरण सम्बन्धी नीति

*समतामूलक समाजको आधारः लैङ्गीक समानता तथा समावेशी विकासको प्रयास"*

सामाजिक,आर्थिक तथा सास्कृतिक क्षेत्रमा पछि परेका महिला, बालबालिका, दलित, आदिवासी जनजाति, अपाङ्ग तथा उमेरका आधारमा निस्क्रिय अवस्थातर्फ उन्मुख ज्येष्ठ नागरिकहरुलाई सकारात्मक विभेदका आधारमा विकासमा सबैलाई सहभागी हुने अवसर प्रदान गरी समग्र विकास प्रक्रियामा सवै वर्ग, तह, क्षेत्र, समुदायको योगदानलाई साझा प्रयासमा समाहित गर्ने नीति अवलम्बन गरिनेछ ।

### <u>महिला</u>

१. नेपालको संविधानले महिलाहरुको निमित्त प्रत्याभुत गरेका अधिकारहरुको कार्यान्वयन गर्ने नीति लिइनेछ ।

२. महिलाहरुको आर्थिक, सामाजिक, साँस्कृतिक परिवर्तनका लागि क्रमशः योजना तथा कार्यक्रमहरु संचालन गर्दै लैजाने नीति अवलम्बन गरिनेछ ।

३. महिलाहरुलाई स्वरोजगार र आत्मसम्मानित बनाउनका लागि महिलाहरुको नाममा दर्ता हुन आउने उद्योग व्यवसायमा पैंतीस (३५) प्रतिशत शुल्क छुट दिने नीतिलाई निरन्तरता दिइनेछ ।

४. महिला हिंसा तथा घरेलु हिंसामा परेका महिलाहरुको सहयोगको निमित्त मनोसामाजिक विमर्शकर्ता तथा सीपविकास सहितको पुर्नस्थापना केन्द्रको सुरुवात गरिने छ ।

५. महिलाहरुलाई व्यावसायिक बनाउन सवै वडामा उद्यमशीलता तालिम संचालन गर्ने गराउने नीति अवलम्बन गरिनेछ ।

६. मानवअधिकार, महिला अधिकार, मानव बेचविखन विरुद्धका कार्यक्रमहरु सरोकारवाला संघसंस्थाहरुको समन्वय गरी संचालन गरिनेछ ।

७. महिलाहरुमा हुने वा हुनसक्ने स्वास्थ्य समस्याको जटिलताका आधारमा क्रमशः स्वास्थ्य शिविर संचालन गरिने छ ।

## बालबालिका

१. बालबालिकालाई भविष्यको कर्णधारको रुपमा होइन वर्तमानमा विकासको साझेदारको रुपमा लिइनेछ । बालबालिकाहरुसँग सम्बन्धित विषयको नीति कार्यक्रम बनाउँदा बालबालिकाहरुको संस्थागत सहभागिता गर्ने गराउने नीति अवलम्वन गरिनेछ ।

२. नगरलाई बालश्रम मुक्त नगर घोषणा गर्ने कार्यक्रम संचालन गरिनेछ ।

३. बालबालिकाको चौतर्फी विकासका लागि उनीहरुकै सहभागिता तथा अगुवाईमा विभिन्न क्रियाकलापहरु संचालन गर्ने गराउने नीति रहनेछ ।

४. वि.स. २०८० साल सम्ममा नगरपालिकालाई बालमैत्री नगर घोषणा गर्ने गरी कार्यक्रमहरु संचालन गरिनेछ ।

५. बालबालिकामा पर्न सक्ने मनोसामाजिक असर प्रभावलाई कम गर्न सामुदायिक विद्यालयका बालमैत्री कक्षा शिक्षक र बालविकास केन्द्रको सहयोगी शिक्षिकालाई सामाजिक मनोचिकित्सा सम्बन्धी प्रशिक्षण तालिम संचालन गर्ने निति लिइने छ ।

## ज्येष्ठ नागरिक

१. नगर क्षेत्रभित्र रहनुभएका ८० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकहरुको तथ्यांक संकलन गरिनेछ ।

२. ज्येष्ठ नागरिकहरुसँग भएको ज्ञान तथा अनुभव पुस्ता हस्तान्तरण कार्यक्रम गरिनेछ।
३. प्रत्येक वडामा ज्येष्ठ नागरिक मिलन केन्द्र निर्माण गरिने नीति अवलम्वन गरिनेछ ।
४. ज्येष्ठ नागरिक सम्मान कार्यक्रम संचालन गर्ने गराउने नीति रहनेछ ।
५. ज्येष्ठ नागरिक परिचयपत्र सहज रुपमा उपलव्ध गराउने प्रवन्ध गर्ने नीति रहनेछ ।
६. आफ्नो घरका ज्येष्ठ नागरिकहरुलाई उत्कृष्ट हेरचाह गर्ने परिवारका सदस्यलाई छनौट गरी बार्षिक रुपमा सम्मानित गर्ने र निजी सार्वजनिक साझेदारीमा एक छुट्टै कोष खडा गरी ज्येष्ठ नागरिकको हितमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।
७. "ज्येष्ठ नागरिक लक्षित अवलोकन भ्रमण कार्यक्रम" सञ्चालनमा ल्याइनेछ ।

## दलित

१. जातीय भेदभाव तथा छुवाछुत कसुर सजाय ऐन २०६८ को प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।
२. दलित समुदायका परम्परागत पेशा, कला र सीप संरक्षण सम्वर्द्धन गर्दै तिनको क्रमशः आधुनिकीकरण र व्यवसायीकरण गर्ने नीति अवलम्बन गरिनेछ ।
३. दलित वर्गको दिनदैनिकी सहज बनाउने, सचेतना तथा सीपविकास जस्ता कार्यक्रम सञ्चालन गर्ने गराउने नीति रहनेछ ।
४. नगरक्षेत्रमा रहनुभएका दलित समुदायको स्थिति तथ्यांक तयार गर्ने नीति लिइनेछ।
५. नगर क्षेत्रभित्र भएका दलित समुदायका व्यक्तिहरुको विद्युत मिटर जडानका लागि लिइने सिफारिस शुल्कमा छुट दिइनेछ ।
६. नगरपालिका क्षेत्र भित्र रहेका सामुदायिक विद्यालयहरुमा अध्ययन गर्ने सबै दलित विद्यार्थीहरुलाई विद्यालयमा कुनै प्रकारको शुल्क नलाग्ने तथा नलगाउने नीति अवलम्बन गरिनेछ ।

## आदिवासी जनजाति

आदिवासी जनजातिहरुको संविधान प्रदत्त अधिकारलाई सुनिश्चित गर्दै आर्थिक, सामाजिक एवं सांस्कृतिक विकासका साथै भाषा लिपी, संस्कृति, परम्परा र पूर्ख्यौली सीपको संरक्षण, प्रवर्द्धन गर्ने नीति रहनेछ ।

## लोपोन्मूख

१. लोपोन्मुख जातिमा सूचिकृत रहेको लेप्चा जातिहरुको आर्थिक, सामाजिक, सांस्कृतिक संरक्षण तथा प्रवर्द्धन गर्दै लेप्चा भिलेज निर्माणको अध्ययन गरिनेछ ।

२. लाप्चा जातिको नोमुन पर्वलाई उत्सवको रुपमा मनाइनेछ ।

## अपाङ्ग

१. अपाङ्गहरुको चौतर्फी विकास कार्य गर्न नगरपालिका र विकासको साझेदार संस्थाको साझेदारीमा अपाङ्ग लक्षित कार्यक्रम सञ्चालन गर्ने नीति रहनेछ ।

२. नगरपालिका क्षेत्र भित्र रहेका सामुदायिक विद्यालयहरुमा अध्ययन गर्ने ग श्रेणी सम्मको परिचय पत्र प्राप्त सबै अपाङ्ग विद्यार्थीहरुलाई विद्यालयमा कुनै प्रकारको शुल्क नलाग्ने तथा नलगाउने नीति अवलम्बन गरिनेछ ।

३. ग श्रेणी सम्मको परिचय पत्र प्राप्त अपाङ्गहरुद्वारा संचालित उद्योग व्यवसायमा नगरपालिकामा लिइने करमा ५० प्रतिशत सम्म कर छुट लिइने नीति अबलम्बन गरिनेछ ।

## युवा

१. युवाहरुलाई रुपान्तरणको सम्वाहक र नेतृत्वको साझेदारको रुपमा विकास गर्दै सामाजिक, राजनितिक र आर्थिक क्षेत्रका समग्र जिम्मेवारी सम्हाल्न युवा नेतृत्वको विकास गर्ने गराउने प्रयास गरिनेछ । उद्यमशीलता विकास गरी युवाहरुलाई स्वरोजगार तर्फ आकर्षित गरिनेछ ।

२. युवाहरुको सिर्जनशील उर्जा, सम्भावनाको विकासका लागि वातावरण निर्माण गरि हिंसा, दुर्व्यसन र अराजकतामा युवाहरुलाई दुरुपयोग गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्ने गराउने नीति रहनेछ ।

३. नगरक्षेत्रका २०० जना युवा जनशक्तिलाई सीपमुलक तालिम दिई दक्ष जनशक्ति उत्पादन गरिनेछ ।

## श्रम र श्रमिक

१. अदक्ष, अर्धदक्ष र दक्ष जनशक्तिका निम्ति "रोजगार सूचना केन्द्र" सञ्चालन र व्यवस्थापन गरिनेछ ।

२. नगरपालिका क्षेत्रमा रहेका संगठित उद्योगधन्दामा कार्यरत कामदारहरुका लागि प्रचलित कानुनले तोकेको न्यूनतम ज्यालादर लागु गर्ने गराउने नीति लिइनेछ ।

३. नगरक्षेत्रमा रहेका संगठित र असंगठित क्षेत्रमा रहेका वास्तवमै शारीरिक श्रम गर्ने मजदुरहरुलाई परिचयपत्र उपलब्ध गराउन अध्ययन गरिनेछ ।

४. श्रमिकहरुलाई सामूहिक दुर्घटना बीमा कार्यक्रममा आबद्ध गराउन पहल गरिनेछ ।

## १४. सामाजिक परिचालन तथा सामाजिक सशक्तीकरण

*"सामाजिक परिचालनको आधार: सक्षम समुदायको निर्माण"*

१. विगतदेखि संचालन गरिएको सामाजिक परिचालन कार्यक्रमलाई निरन्तरता दिने नीति अवलम्बन गरिनेछ ।

२. सामाजिक परिचालनको माध्यमबाट सामाजिक, आर्थिक रुपले पछि परेका समुदायहरुको सशक्तीकरण गरी विकासको मूल प्रवाहमा समाहित गर्ने नीति अवलम्बन गरिनेछ ।

३. वडा समितिहरुसँग समन्वय गरी टोल विकास संस्था निर्माण तथा परिचालन अभियानको रुपमा संचालन गरिनेछ ।

४. सामाजिक परिचालनको माध्यमद्वारा टोल विकास संस्थाहरुलाई आफ्नो क्षेत्रमा हुन सक्ने सबै विकास निर्माणका कार्यहरुमा अगुवाई गर्न सक्षम बनाउने नीति रहने छ ।

५. हाल कार्यरत सामाजिक परिचालकहरुको कार्य मुल्यांकन गरी निजहरुको सेवाको निरन्तरता निर्धारण गरिनेछ । अर्को व्यवस्था नभएसम्म सामाजिक परिचालकको नयाँ छनौट नगरिने नीति अवलम्बन गरिनेछ ।

६. समाजमा हुने सानातिना विवाद फौजदारी प्रकृति बाहेकका विवाद स्थानीय स्तरमा नै मध्यस्तताको माध्यमद्वारा मेलमिलाप गर्ने गराउने वडास्तरीय संयन्त्र परिचालन गरिनेछ ।

## १५. गैर सरकारी संस्था

*"गैर सरकारी संस्था विकासका साझेदार"*

१. गैर सरकारी संस्था नियमन सम्बन्धी ऐन नियम निर्माण गर्ने नीति रहनेछ ।

२. गैरसरकारी संस्थाले नगरपालिकाको नीति कार्यक्रममा सहयोग पुऱ्याउने खालका कार्यक्रम मात्र संचालन गर्न स्वीकृति दिने नीति अवलम्बन गरिनेछ ।

३. गैर सरकारी संस्थालाई विकासका साझेदारको रुपमा व्यवहार गर्ने नीति अवलम्बन गरिनेछ ।

## १६. वातावरण संरक्षण तथा विपद् व्यवस्थापन

*"दिगो विकासको आधार, भावी सन्ततिको अधिकार"*

### वातावरण संरक्षण

१. सूर्योदय नगरपालिकाको वनक्षेत्रलाई आगामी ५ वर्षभित्र ५०% पुऱ्याइने छ ।

२. राष्ट्रिय राजमार्गको क्षेत्राधिकार भित्र ग्रिन बेल्ट घोषणा गरी वृक्षरोपण कार्यक्रम संचालन गरिनेछ ।

३. जलवायु परिवर्तनलाई न्यूनीकरण गर्न एक वडा एक पोखरीको कार्यक्रम सञ्चालन गर्ने नीति रहनेछ ।

४. नगरपालिकाबाट सञ्चालन गरिने पूर्वाधार निर्माणका कार्यहरुलाई वातावरणमा संरक्षणसँग आबद्ध गरिनेछ ।

५. टोल विकास संस्थाबीच वातावरण मैत्री टोलको अवधारणा अनुसार प्रतिष्पर्धा गराई पुरस्कृत गर्ने नीति अवलम्बन गरिनेछ ।

६. नगरपालिकाको सम्पूर्ण भौगोलिक क्षेत्रहरु, आवाशीय, औद्योगिक, कृषिक्षेत्र, सिमसार, नदीनाला वनक्षेत्र आदि स्पष्ट रुपमा खुल्ने गरी GIS नक्सा तयार गरिनेछ ।

७. वनलाई वातावरण संरक्षण सँगसँगै आयआर्जनसँग जोडेर सदुपयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

८. नदी, खोल्सा किनाराको दुवै तर्फको पचास मिटर भूमिमा रुख तथा बोटविरुवा कटानलाई पूर्ण प्रतिबन्ध लगाउने नीति अवलम्बन गरिनेछ ।

९. खोला, नदीमा विद्युतीय करेन्ट र विषादी प्रयोग गरी माछा मार्ने कामलाई निरुत्साहित गरी अटेर गर्नेलाई दण्ड जरिवाना गर्ने नीति अवलम्बन गरिनेछ ।

१०. नगरवासीले आफ्नो नम्बरी आवादीको रुख कटान गर्नुपरेमा ३३" भन्दा कम गोलाई भएको कुनैपनि रुख कटान गर्न पाउनेछैन । सरपट कटानीलाई निषेध गरिनेछ । वडा समितिको उपस्थितिमा सर्जमिन सिफारिसको आधारमा नगर कार्यपालिकाको स्वीकृतिविना छपान कटान गर्न पाइनेछैन ।

११. एक रुख कटानी गरेबापत कटानी गर्ने गराउनेले कम्तीमा दुई विरुवा हुर्काउनु पर्ने नीति अवलम्बन गरिनेछ ।

१२. पञ्चकन्या मन्दिरको छेउमा रहेको सार्वजनिक जमिनमा जडिबुटी प्रजातिका बिरुवा लगाई बोटानिकल गार्डेनको रुपमा विकास गरिनेछ ।

१३. अन्तुडाँडा, जनक मा. वि. र करफोकमा भएको वनलाई वैज्ञानिक वन व्यवस्थापन गर्दै करफोकमा जैविक विविधता अध्ययन अनुसन्धान केन्द्रको स्थापना गर्न पहल गर्ने नीति अवलम्बन गरिनेछ ।

१४. यस क्षेत्रमा रहेको जैविक विविधताको संरक्षण, विकास गर्न प्रकृति संरक्षण कोषको सहयोग र सहकार्यमा जैविक विविधता अनुसन्धान केन्द्र,स्थापना तथा संचालनका लागि पहल गर्ने नीति लिइनेछ ।

१५. वन क्षेत्रभित्र रहेका चिजवस्तु, बिरुवा, जनावर सँग सम्बन्धित भएर अध्ययन अनुसन्धान गर्न चाहनेले पेश गर्ने प्रस्तावनालाई प्रकृति संरक्षण कोषको सिफारिसमा मात्र अनुमति प्रदान गरिनेछ । कुनैपनि विदेशी नागरिकलाई कुनै पनि कार्यका लागि वनक्षेत्रमा प्रवेश निषेध गर्ने नीति रहनेछ ।

१६. नगरपालिका भरी दुईवटा बन नर्सरी केन्द्र स्थापना गर्ने नीति लिइनेछ ।

१७. एक नगर एक उद्यान कार्यक्रमलाई वडा वडासम्म विस्तार गर्न वडा समितिहरुलाई प्रोत्साहित गरिनेछ ।

१८. सडकछेउका उपयुक्त स्थलमा स-साना उद्यान (बगैंचा) निर्माण गर्ने गराउने नीति अवलम्बन गरिनेछ ।

१९. वातावरण संरक्षणका लागि जडीबुटी जातका विरुवा व्यवसायिक जातका रुखका विरुवा उत्पादन गर्नका निम्ति सामुदायिक वनसँग सहकार्य गरी नर्सरी स्थापना गर्ने कार्यक्रम ल्याइनेछ ।

**वन व्यवस्थापन**

१. सूर्योदय नगरपालिकाको क्षेत्र अन्तर्गत पर्ने सामूदायिक बनको क्षेत्रमा क्रमश: बनबाटिका निर्माण गर्ने नीति लिइनेछ ।
२. वन पैदावार व्यवसायी संघसँग सहकार्य गरी वृक्षरोपण तथा वन संरक्षण सम्बन्धी अभियान साथै वैज्ञानिक वन व्यवस्थापन संचालन गरिने छ ।
३. सामुदायिक वनको व्यवस्थापन गर्न नगरको छुट्टै नीतिअनुरुप सामुदायिक वन र उपभोक्ता समिति सञ्चालन कार्यविधि तयार गरिने छ ।
४. वन पैदावार व्यवसायी सँग सम्बन्धीत सम्पूर्ण सेवाहरुलाई प्रभावकारी बनाउन वडा कार्यालयबाटै सेवा उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ ।

## विपद व्यवस्थापन

१. प्राकृतिक वा मानवीय कुनैपनि कारणबाट हुन सक्ने सम्भाव्य विपदबाट बच्न बचाउन सचेतना कार्यक्रम संचालन, CRRT (समुदायमा आधारित सहयोग टोली) टोलबस्ती स्तरमा निर्माण तथा परिचालन गरिनेछ ।
२. सम्भाव्य विपदबाट हुने क्षति कम गर्न आवश्यक पर्ने न्यूनतम यन्त्र, साधन तथा औजारहरुको उचित व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ ।
३. विपद् उद्दारमा सबैभन्दा पहिला पुग्ने सुरक्षा निकायहरुमा उद्दारका लागि आवश्यक सामग्रीयुक्त बनाउने नीति अवलम्बन गरिनेछ ।
४. विपद् व्यवस्थापनलाई 3C को सिद्धान्त (समन्वय, सहयोग तथा नियन्त्रण) का आधारमा संचालन गरिनेछ ।
५. उद्धार कार्यलाई व्यवस्थापन गर्न "विपद व्यवस्थापन शाखा" स्थापना गरिनेछ। विपदसँग जोडिएका सबै उपकरणहरुलाई यही शाखामार्फत व्यवस्थापन र सञ्चालन गर्ने व्यवस्था मिलाउने नीति लिइनेछ ।

## भूमि व्यवस्थापन

१. भूमि व्यवस्थापनका लागि नगरभित्रका सार्वजनिक जग्गाको अभिलेख तयार गर्ने एक समिति निर्माण गरी वडा कार्यालय तथा अन्य निकायसँग सहकार्य गरी निर्धारित समयमा नक्साङ्कन सहित प्रतिवेदन तयार गरिनेछ ।

## १७. फोहरमैला तथा सरसफाई सम्बन्धी नीति

*"फोहरमैलाको उचित व्यवस्थापन, सभ्यताको मापन"*

१. फोहर जसले गर्दछ मूल्य उसैले तिर्नुपर्दछ र फोहरबाट मोहर बनाउने नीतिलाई अवलम्बन गर्दै नगर क्षेत्रमा उत्सर्जन हुने फोहरमैलालाई व्यवस्थित गर्दै लगिनेछ ।

२. नगरले एक स्थायी फोहोर मैला व्यवस्थापन स्थल तथा पृथकीकरण स्थल (Segregation Hut) व्यवस्था गर्ने तथा क्रमशः अन्य स्थलहरुमा समेत फोहोरमैला व्यवस्थापन तथा पृथकीकरण स्थल (Segregation Hut) हरुको व्यवस्था गर्दै लगिनेछ।

३. फोहरमैला नै उत्पादन नगर्ने, गरेपनि न्यून गर्ने, त्यसलाई पूनः प्रयोग गर्ने कार्यलाई व्यवहारमा अवलम्बन गर्न सरोकारवालाहरुको सहयोग र सहभागितामा सीपमुलक, सचेतनामुलक कार्यक्रम संचालन गर्ने गराउने नीति लिइनेछ ।

४. फोहरमैला उत्सर्जन स्थलमा नै कुहिने र नकुहिने फोहर छुट्याउने र कुहिने फोहरलाई मल बनाई करेसाबारीमा प्रयोग गर्ने गराउने र बजारक्षेत्रमा करेसाबारी प्रतियोगिता र डस्टविन सफा राख्ने मुल्यांकन जस्ता प्रतियोगिता संचालन गरी पुरस्कृत गर्ने नीति अवलम्बन गरिनेछ ।

५. वडास्तरमा उत्सर्जन हुने फोहर वडास्तरमा नै संकलन केन्द्र तथा श्रोतमा नै प्रकृति अनुसार छुट्याउन व्यवस्था मिलाउन वडा समितिहरुलाई प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ ।

६. फोहरमैला प्रशोधन केन्द्रको निर्माण तथा संचालन गरिनेछ ।

७. नगरक्षेत्रमा उत्सर्जन हुने फोहरमैलालाई सार्वजनिक निजी साझेदारीको माध्यमद्वारा व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ ।

८. सूर्योदय नगरपालिका क्षेत्र खुला दिशामुक्त क्षेत्र घोषणा भइसकेकोले सार्वजनिक स्थलहरुमा स्थानीय समुदायबाटै व्यवस्थापन हुने गरी शौचालयहरु निर्माण गर्ने गराउने नीति लिइनेछ ।

९. जनावरले निष्कासन गर्ने विष्टाको उचित व्यवस्थापन गर्ने र त्यसबाट अरुलाई दुर्गन्ध फैलाउने तथा रोगको बाहक बनाउने कार्यको जिम्मेवारी र

जवाफदेहिता सम्बन्धित जनावरको धनी नै हुनुपर्ने नीति अवलम्बन गरिनेछ ।

१०. आनीबानी परिवर्तन सहितको पूर्ण सरसफाई अभियान सञ्चालन गरिनेछ ।
११. घोडचढी व्यवसाय र बंगुरपालन व्यवसायलाई व्यवस्थित गर्ने गराउने नीति लिइनेछ।
१२. फोहरमैला व्यवस्थापन ऐन २०६८ र नियमावली २०७० को पूर्ण कार्यान्वयन गरिनेछ ।
१३. नगरभित्र उत्सर्जन हुने फोहरमैला व्यवस्थापन गर्न नयाँ संरचना तथा व्यवस्थापन विधि तयार गरी लागू गरिनेछ ।
१४. सूर्योदय नगरपालिकामा रहेका र निर्माण हुने ढलहरुलाई मापदण्ड अनुसार उचित व्यवस्थापन गर्ने नीति लिइनेछ ।
(२) गैरकर राजश्व लगाउँदा र उठाउँदा उपलब्ध गराइने सेवा, सहुलियत र सुविधाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी लगाइने र उठाइनेछ ।

परिच्छेद - ३

## कर प्रशासन सम्बन्धी व्यवस्था

५. **कर प्रशासन:** (१) नेपालको संविधानको व्यवस्था अनुरुप आफ्नो अधिकारक्षेत्रभित्रको कर तथा गैरकरको प्रशासन सूर्योदय नगरपालिकाले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कर प्रशासन व्यवसायिक, दुरुस्त र प्रभावकारी बनाउन आवश्यकता अनुसार कर एकाई रहन सक्नेछन् ।

६. **कर्मचारी सम्बन्धी व्यवस्था:-** (१) नगर सभाबाट स्वीकृत दरवन्दी अनुसारका विभिन्न तहका कर्मचारी कर एकाईमा रहन सक्नेछन् ।

(२) कर एकाईमा नगर कार्यपालिकाको कार्यालयले प्रचलित कानून बमोजिम स्वीकृत दरवन्दीका आधारमा एक वा सो भन्दा बढी तहका कर अधिकृतहरु, कर सहायक तथा सहयोगीहरुलाई काममा लगाउन सक्नेछ ।

७. **कर अधिकृतको काम, कर्तव्य र अधिकार :** यस कानूमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कर अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) करदाता दर्ता गर्ने ।

(ख) करदाता बाट विवरण प्राप्त गर्ने ।

(ग) कर परीक्षण तथा अनुसन्धान गर्ने।

(घ) कर संकलन गर्ने।

(ङ) कर तथा गैरकर राजस्व चुहावट रोक्न आवश्यक कार्य गर्ने।

(च) करदाता मैत्री वातावरण बनाउन उपयुक्त र आवश्यक कार्य गर्ने।

(छ) कर सम्बन्धी जनचेतना अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गर्ने।

(ज) कर कानून र कर प्रशासनका क्षेत्रमा सुधार गर्नुपर्ने विषयमा नगरपालिकालाई सुझाव दिने।

(झ) राजस्वको प्रक्षेपण गर्न आवश्यक सूचना उपल्ध गराउने ।

(ञ) करदाताका खातापाता र हरहिसाब दुरुस्त राख्न लगाउने।

(ट) कर सम्बन्धी अभिलेख दुरुस्त राख्ने।

(ठ) कर सम्बन्धी अन्य काम गर्ने ।

८. **अधिकार प्रत्यायोजन :** (१) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले संविधान र यस कानून बमोजिम आफूमा रहेको कर तथा राजश्व उठाउने अधिकार कर अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कर अधिकृतले आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार आफ्नो सामान्य रेखदेख र नियन्त्रणमा रहने गरी आफू मातहतको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) कर अधिकृतले आफूलाई प्राप्त अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा नगर प्रमुख / नगर कार्यपालिका बाट कुनै खास निर्देशन भएकोमा सोही बमोजिम गर्नु पर्नेछ ।

९. **प्रत्यायोजित अधिकार र जिम्मेवारी :** (१) दफा ८ बमोजिम प्रत्यायोजन गरिएको अधिकारको जिम्मेवारी अधिकार प्रत्यायोजन गर्ने अधिकारीमा रहनेछ ।

(२) दफा ८ बमोजिम प्रत्यायोजित अधिकार प्रयोग गर्नेले सो अधिकारको प्रयोग गर्दा अधिकार प्रत्यायोजन गर्ने अधिकारी प्रति उत्तरदायी रही प्रयोग गर्नु पर्नेछ ।

## परिच्छेद — ४

## कर राजस्व सम्बन्धी व्यवस्था

१०. **सम्पत्ति कर :** (१) नगरपालिकाले आफ्नो क्षेत्र भित्र रहेको सम्पत्ति कर लगाउने भनी तोकेको घर जग्गामा मूल्याङ्कित रकमको आर्थिक ऐनमा व्यवस्था भएको दरले सम्पत्ति कर लगाउने र उठाउनेछ ।

(२) उपदफा (१) बमोजिमको सम्पत्ति  कर लगाउने भनी तोकेको घर र जग्गा बाहेकका अन्य जग्गा भएमा दफा १४ बमोजिम भूमिकर (मालपोत) लगाउनु र असुल उपर गर्नु पर्नेछ ।

(३) नगरपालिकाले आफ्नो क्षेत्र भित्रको घर जग्गाको अभिलेख प्रत्येक वर्ष दुरुस्त मिलाई राख्नु पर्नेछ ।

(४) सम्पत्ति कर निर्धारणका लागि सम्पत्ति मूल्यांकन देहाय बमोजिम गरिनेछ :

(क) घरको बनौट (कच्ची वा पक्की) ।

(ख) घरजग्गासँग सडक वा बाटो जोडिएको वा नजोडिएको र जोडिएको भए पक्की, कच्ची वा गोरेटो जस्तो बाटोको प्रकृति र राजमार्ग, मुख्य सडक वा सहायक सडकसँगको दुरी ।

(ग) घरजग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था ।

(घ) सम्पत्ति मूल्यांकन गर्दा अनुसूची १ बमोजिम ह्रास कट्टी गरी खुद सम्पत्ति कायम गरिनेछ ।

(ङ) खण्ड (घ) बमोजिम कायम भएको खुद सम्पत्तिमा पाँच प्रतिशत मर्मत संभार खर्च कट्टी गर्न दिइनेछ ।

(५) उपदफा (४) बमोजिम घर जग्गा मूल्यांकन गर्न देहायको घर जग्गा मूल्यांकन समिति गठन गर्न सक्नेछ ।

(क) नगर कार्यपालिकाले तोकेको ईञ्जिनियर वा प्राविधिक - संयोजक

(ख) नगर कार्यपालिकाले तोकेको घरजग्गा सम्बन्धी विज्ञ एक जना — सदस्य

(ग) कर एकाईको प्रमुख — सदस्य सचिव

(६) घरजग्गा मूल्यांकन समितिले नगरपालिकाको निर्वाचित प्रतिनिधि वा अधिकृत वा अन्य कुनै विज्ञलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(७) घरजग्गा मूल्यांकन समितिले प्रत्येक पाँच वर्षमा घर जग्गा मूल्यांकनका आधार र दररेटको सुझाव सिफारिस गर्न सक्नेछ ।

(८) घरजग्गा मूल्यांकन समितिले बैठकको कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

(९) उपदफा (५) बमोजिम गठीत मूल्यांकन समितिले गरेको मूल्यांकनमा चित्त नबुझे करदाताले उपदफा () बमोजिम गठीत मूल्यांकन पुनरावलोकन समिति समक्ष निवेदन गर्न सक्नेछ ।

(१०) उपदफा (९) बमोजिम पुनरावलोकन प्रयोजनकालागि देहायको घर जग्गा मूल्यांकन पुनरावलोकन समिति गठन गर्न सक्नेछ ।

(क) सम्बन्धित वडासमितिले तोकेको निर्वाचित प्रतिनिधि - संयोजक

(ख) नगर कार्यपालिकाले तोकेको ईञ्जिनियर वा प्राविधिक - सदस्य

(ग) कर एकाईको प्रमुख — सदस्य सचिव

(११) सम्पत्ति करको प्रयोजनको लागि सम्पत्तिको स्वामित्व देहायको व्यक्तिमा रहेको मानिनेछः

(क) आर्थिक वर्षको पहिलो दिन जुन सम्पत्ति जसको स्वामित्वमा रहेको छ सो सम्पत्ति सोही व्यक्तिको नाममा ।

(ख) कुनै सम्पत्ति एक भन्दा बढी व्यक्तिहरुको संयुक्त स्वामित्वमा रहेकोमा स्वामित्व स्पष्ट भएकोमा सोही अनुसार र अन्यथा सबैको बराबर हक ।

(१२) करदाताले प्रत्येक वर्ष कर निर्धारणका लागि मंसिर मसान्त भित्र अनुसूची ३ को ढाँचामा नगरकार्यपालिकाको कार्यालय/वडा कार्यालयमा विवरण पेश गर्नु पर्नेछ ।

(१३) सम्पत्तिको विवरण सम्पत्ति धनी स्वयंले पेश गर्नु पर्नेछ । यसरी विवरण पेश गर्न नगर क्षेत्रभित्र रहेको सम्पूर्ण सम्पत्तिको विवरण एकिकृत रुपमा आफ्नो सम्पत्ति रहेको वडाहरु मध्ये कुनै एक वडामा पेश गर्नु पर्नेछ ।

(१४) उपदफा (१३) बमोजिम सम्पत्ति धनी स्वयं उपस्थित भई विवरण दाखिला गर्न नसकेमा सगोलको परिवारका कानुन बमोजिम उमेर पुगेका कुनै सदस्यले वा सम्पत्ति धनीको वारेसनामा प्राप्त व्यक्तिले दाखिला गर्न सक्नेछन् । परिवारका अन्य सदस्य नभएका नाबालक तथा अशक्तका हकमा वडा समितिको सिफारिश सहित निजको संरक्षकले सम्पत्ति विवरण बुझाउन सक्नेछ ।

(१५) संयुक्त स्वामित्वमा रहेको सम्पत्तिको विवरण सम्पत्ति धनीहरूले संयुक्त रूपमा वा सोमध्ये कुनै एकजनाले दाखिला गर्न सक्नेछ ।

(१६) करदाताले भरेको विवरण तथा प्रमाण जाँच गरी दर्ता गर्न नगरपालिकाले कर्मचारी वा टोली खटाउन सक्नेछ ।यस्ता कर्मचारी वा टोलीले बुझ्न चाहेको सूचना वा माग गरेको विवरण उपलब्ध गराउनु सम्बन्धित सम्पत्ति धनीको कर्तव्य हुनेछ ।

(१७) प्रचलित कानुन बमोजिम नक्सापास गरी निर्माण गर्नुपर्ने तर नक्सा पास नगरी निर्माण भएका संरचनाको सम्पत्ति विवरण बुझ्दा नगरपालिकाले नक्सापास दस्तुरबापत लाग्ने रकमको अनुमान गरी सो को दुई गुना धरौटी लिई सम्पत्ति विवरण स्वीकार गर्न सक्नेछ । यस्ता संरचनाको हकमा करदाताले दिएको विवरणलाई नै आधार मानी घरको आकार, प्रकार एवं निर्माण मिति कायम गरी सम्पत्तिको मुल्यांकन गरिने छ । यो ब्यवस्था भवन निर्माण सम्वन्धि मापदण्ड पालना नभई निर्माण भएका संरचनाहरुको हकमा पनि लागु हुनेछ ।

तर, यसरी संरचनाको विवरण स्वीकार गरिएको कारणले यस्ता भवन नक्सा पास भएको वा मापदण्ड पुगेको मानिने छैन ।

(१८) सम्पत्ति धनीहरूलाई विवरण फाराम भर्न सहयोग गर्नका लागि नगरपालिकाले आवश्यकता अनुसार स्थानीय संघसंस्था, सामुदायिक संस्था, टोल विकास संगठन तथा स्वयंसेवकहरूलाई परिचालन गर्न सक्नेछ ।

(१९) उपदफा (१८) बमोजिमका संघ, संस्था, संगठन तथा स्वयंसेवकहरू परिचालन गर्दा सम्पत्ति करसम्बन्धी अभिमुखीकरण गर्नु पर्नेछ ।

(२०) कर तिर्ने दायित्व भएका कुनै सम्पत्ति धनीको जग्गामा निजको मञ्जुरनामा लिई अर्को व्यक्तिले संरचना निर्माण गरेमा संरचना समेतको विवरण दाखिला गर्ने तथा कर बुझाउने दायित्व सम्बन्धित जग्गा धनीको हुनेछ ।

(२१) मूल्याङ्कन समितिले सम्पति कर लगाउन योग्य मूल्य निर्धारण गर्न सिफारिस गर्दा देहायका आधारमा गर्नेछः–

(क) सम्पत्ति कर लगाउन योग्य मूल्य निर्धारण गर्दा प्रचलित बजार भाउलाई आधार मान्ने,

(ख) भौतिक संरचनाको मूल्य प्रचलित बजार भाउबाट कायम हुन आएको मूल्यमा ह्रासकट्टी गर्ने,

(ग) खण्ड (क) बमोजिम मूल्याङ्कन गर्ने प्रयोजनको लागि ह्रासकट्टी गर्दा संरचनाको वनोटको आधारमा प्रत्येक वर्ष अनुसूची १ बमोजिम गर्ने,

(घ) जग्गा बाहेक अन्य भौतिक संरचनाको मूल्याङ्कन दर संरचनाको बनोट, त्यसको आर्थिक उपयोगको महत्वको आधारमा मूल्य निर्धारण गर्ने,

(ङ) भौतिक संरचनाको मूल्य निर्धारण गर्दा क्षतिग्रस्त वा भत्केको अवस्था भएमा क्षतिग्रस्त वा भत्केको भाग बराबरको मूल्य घटाउने ।

(२२) यस दफा बमोजिम दाखिला गर्नुपर्ने कर प्रत्येक आर्थिक वर्षको मंसिर मसान्त भित्र कर एकाईमा दाखिला गर्नु पर्नेछ ।

(२३) नाबालकको नाममा रहेको सम्पत्तिमा लाग्ने सम्पत्ति कर दाखिला गर्ने दायित्व निजको संरक्षक वा माथवर ब्यक्तिको हुनेछ ।

(२४) कर नलाग्ने :- यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको सम्पत्तिमा सम्पत्ति कर लाग्ने छैन :- –

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारको स्वामित्वमा रहेको घर र जग्गा,

(ख) सरकारी अस्पतालको भवन र जग्गा,

(ग) गुठीको स्वामित्वमा रहेको जग्गा,

(घ) सरकारी शिक्षण संस्था र अन्य सरकारी निकायको स्वामित्वमा रहेको भवन र जग्गा,

(ङ) धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को भवन र जग्गा,

(च) खानेपानी सङ्कलन पोखरी, हवाई मैदान, विद्युत उत्पादन गृह, मसानघाट, बसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरू,

(छ) राजदूतावास, वाणिज्य नियोग, कुटनैतिक नियोगका भवन र जग्गा ।

(२५) उपदफा (२४) बमोजिम सम्पत्ति कर नलाग्ने भनी तोकिएको सम्पत्तिमा प्रचलित कानुन बमोजिम सम्पत्ति कर लाग्ने कुनै व्यक्ति, संघ, संस्था वा निकायले निश्चित अवधिसम्म प्रयोग गर्ने गरी कुनै संरचना निर्माण गरेमा यस्तो संरचनाको विवरण दाखिला गर्ने र सम्पत्ति कर बुझाउने दायित्व सम्बन्धित निर्माणकर्ताको हुनेछ ।

(२६) नगरपालिकाले सम्पति कर व्यवस्थापन गर्न कम्प्युटरीकृत प्रविधि प्रयोग गर्न सक्नेछ ।

**११. घरबहाल कर :** (१) नगरपालिकाले आफ्नो क्षेत्र भित्र वहालमा लगाएको घरको आकार, प्रकार, बनौट र चर्चेको जग्गा (प्लिन्थ एरिया) को आधारमा घर बहाल आय रकमको आर्थिक ऐनले निर्धारण गरेको प्रतिशतका दरले घर बहाल कर लगाईअसुल उपर गर्नेछ ।

स्पष्टिकरण : यस दफाको प्रयोजनको लागि घर भन्नाले भवन, गोदाम, टहरा, छप्प (सेड), कारखाना र यस्तै पक्की वा कच्चा संरचना सम्झनु पर्छ ।

(२) घर बहालमा लगाउने व्यक्ति घर बहाल करको करदाता हुनेछ । कम्पनी वा संस्था मार्फत घर बनाई घर बहालमा दिएको हकमा उक्त कम्पनी वा संस्था घर बहाल करको करदाता हुनेछ ।

(३) घर बहालमा दिंदा प्रत्येक घरधनीले सम्झौता गरी त्यस्तो सम्झौताको प्रति वा सम्झौतामा संशोधन गरिएमा सोको विवरण सो कार्य भएको मितिले पैंतीस दिनभित्र कर एकाईमा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै कार्यालय, कम्पनी, फर्म, एजेन्सी, परामर्शदाता वा जुनसुकै प्रकारको संगठित संस्थाले घर बहालमा लिएकोमा बहाल भुक्तानी गर्दा अग्रीम बहाल कर कट्टी गरी घरधनीका तर्फबाट कर एकाईमा घर बहाल कर बुझाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम अग्रीम कर कट्टी गरी दाखिला गर्नु पर्ने घर बहाल कर कट्टी भएको महिना पछिको महिनाको २५ गते भित्र दाखिला गर्नु पर्नेछ ।

(६) घर बहालको प्रयोजनको लागि नगर सभाले न्यूनतम मासिक घर बहाल रकम निर्धारण गरी लागु गर्न सक्नेछ ।

(७) न्यूनतम मासिक घर बहाल रकम निर्धारण सम्बन्धी अन्य व्यवस्था निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ ।

(८) घर बहालमा दिने घरधनीले घर बहाल करको विवरण प्रत्येक आर्थिक वर्षको मंसिर मसान्त भित्र दाखिला गर्नु पर्नेछ ।

(९) यस दफा बमोजिम दाखिला गर्नुपर्ने कर प्रत्येक आर्थिक वर्षको मंसिर मसान्त भित्र दाखिला गर्नु पर्नेछ ।

(१०) एक आर्थिक वर्षको घर बहाल कर एकमुष्ट अग्रिम रुपमा साउन महिना भित्र दाखिला गर्ने घरधनीलाई घर बहाल करमा दश प्रतिशत छुट दिइनेछ ।

**१२. घरजग्गा रजिष्ट्रेशन शुल्क :** (१) प्रदेश सरकारले प्रदेश कानून बमोजिम घर, जग्गा वा घरजग्गा रजिष्ट्रेशन शुल्क, शेवा शुल्क र रोक्का शुल्क लगाउन सक्नेछ ।

(२) प्रदेश कानून बमोजिम प्रदेश सरकाले लगाएको घरजग्गा रजिष्ट्रेशन शुल्कको संकलन घर जग्गा रजिष्ट्रेशनका बखत नगरपालिकाले गर्नेछ ।

(३) उपदफा (२) बमोजिम नगरपालिका मार्फत घरजग्गा रजिष्ट्रेशन शुल्क उठाउन आवश्यक पर्ने साधन, श्रोत, प्रविधि, जनशक्ति र कार्यालयको व्यवस्थापन नभएसम्म नेपाल सरकारबाट तोकिएको कार्यालयले संकलन गर्नेछ ।

(४) उपदफा (३) बमोजिम संकलित रकममध्ये साठी प्रतिशतले हुन आउने रकम नगरपालिकाको संचित कोषमा र चालिस प्रतिशतले हुन आउने रकम मासिक रुपमा प्रदेश संचित कोषमा दाखिला गर्नु पर्नेछ ।

(५) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि संविधानको अनुसूचीमा प्रदेश र स्थानीय तहको दुवैको साझा अधिकारसूचीमा रहेका कर प्रशासन प्रदेश कानून बमोजिम हुनेछ ।

**१३. सवारी साधन कर :** (१) अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश सरकारले सवारीसाधन कर लगाउन लगाई असुल गर्न सक्नेछ ।

*स्पष्टिकरण :* यस दफाको प्रयोजनको लागि सवारी साधन भन्नाले इन्धन वा यान्त्रिक शक्तिबाट सडकमा चल्ने चार पांग्रे, तीन पांग्रे वा दुई पांग्रे सवारी साधन सम्झनु पर्छ ।

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भएतापनि टाँगा, रिक्सा, अटो रिक्सा, विद्युतीय रिक्सा (ई-रिक्सा) र पावर ट्रिलरमा नगरपालिकाले सवारी साधन कर लगाई असुल उपर गर्नेछ ।

(३) उपदफा (२) बमोजिम नगरपालिका मार्फत सवारी साधन उठाउन आवश्यक पर्ने साधन, श्रोत, प्रविधि, जनशक्ति र कार्यालयको व्यवस्थापन नभएसम्म नेपाल सरकारबाट तोकिएको कार्यालयले संकलन गर्नेछ ।

(४) उपदफा (१) बमोजिम संकलित रकम मध्ये संघीय एवं प्रदेश कानून नगरपालिकालाई प्राप्त रकम नगरपालिकाको संचित कोषमा जम्मा गर्नु पर्नेछ ।

(५) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि संविधानको अनुसूचीमा प्रदेश र स्थानीय तहको दुवैको साझा अधिकारसूचीमा रहेका कर प्रशासन प्रदेश कानून बमोजिम हुनेछ ।

**१४. भूमिकर (मालपोत):** (१) नगरपालिकाले भूमिकर (मालपोत) लगाई उठाउन सक्नेछ ।

(२) यस ऐन बमोजिम सम्पत्ति कर लाग्ने घर जग्गा बाहेकको अन्य जग्गामा भूमिकर (मालपोत) लाग्नेछ र त्यस्तो जग्गाको जग्गाधनीले भूमिकर (मालपोत) तिर्नुपर्नेछ ।

(३) नेपाल सरकार, प्रदेश सरकार, नगर कार्यपालिका र कुटनीतिक नियोगको नाममा भएका जग्गामा भूमिकर (मालपोत) लाग्ने छैन ।

(४) प्राकृतिक प्रकोपको अवस्था वा अन्य गम्भीर परिस्थितिमा नगरपालिकाले आधार र कारण खोली त्यसबाट प्रभावित सबैले समान सुविधा पाउने गरि भूमिकर (मालपोत) करमा छुट वा मिनाहा दिने निर्णय गर्न सक्नेछ ।

(५) उपदफा (४)बमोजिम छुट दिने निर्णय भएकोमा सो निर्णय भएको मितिले १५ दिनभित्र त्यसको सूचना नगर सभाको बैठक चलेको भए नगर सभामा र बैठक नचलेको भए त्यसपछि बस्ने सभाको पहिलो बैठकले पारित गर्नुपर्नेछ ।

(६) नगरपालिकाले यस दफा बमोजिमको भूमिकर (मालपोत) आँफैले उठाउन वा नेपाल सरकार अन्तर्गतको कुनै कार्यालय मार्फत उठाउने व्यवस्था गर्न सक्नेछ ।

(७) भूमिकर (मालपोत) प्रत्येक वर्ष मंसिर मसान्तभित्र कर एकाई वा सम्बन्धित वडा कार्यालय वा नगरपालिकले तोकेको कार्यालयमा बुझाउनु पर्नेछ ।

(८) नगरपालिकले प्राकृतिक प्रकोपको अवस्था वा विशेष परिस्थिति सिर्जना भएकोमा आधार र कारण खोली नगरपालिकाभर वा त्यसको कुनै खास क्षेत्र तोकी सो क्षेत्रको जग्गाको भूमिकर (मालपोत) बुझाउने म्याद बढाउन सक्नेछ ।सो म्यादभित्र भूमिकर (मालपोत) बुझाएकोमा म्यादभित्र बुझाएको मानिनेछ र थप शुल्क लाग्ने छैन ।तोकिएको समयमा भूमिकर नबुझाएमा आर्थिक ऐनमा तोकिए बमोजिमको जरिवाना समेत थप गरि असुल गरिनेछ ।

**१५. मनोरञ्जन करः** (१) प्रदेश सरकारले अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम चलचित्र घर, भिडियो घर, साँस्कृतिक प्रदर्शन हल, कन्सर्टजस्ता मनोरञ्जन स्थलमा देखाइने मनोरञ्जनका साधनमा मनोरञ्जन कर लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको मनोरञ्जन कर एकमुष्ठ तोकिएको अवस्थामा सोही बमोजिम र अन्य मनोरञ्जन स्थलको प्रवेशको लागि खरिद गरिने टिकटको मूल्यमा लाग्नेछ ।

(३) उपदफा (२) बमोजिम मनोरञ्जन करबाट उठेको रकम मनोरञ्जन स्थलको धनीले कर उठाएको महिना भन्दा पछिल्लो महिनाको पच्चिस गते भित्र नगरपालिकामा जम्मा गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम मनोरञ्जन कर वापत संकलित रकमको साठी प्रतिशतले हुन आउने रकम सम्बन्धित नगरपालिकाको संचित कोषमा मासिक रुपमा जम्मा गर्नु पर्नेछ ।

(५) उपदफा (३) को समय अवधिभित्र कर दाखिला नगरेमा वार्षिक पन्ध्र प्रतिशतका दरले हुन आउने व्याज रकम जरिवानाको रुपमा असुलउपर गरिनेछ ।

(६) यस दफा बमोजिमको करको नियम र प्रशासन नगरपालिकाले गर्नेछ ।

(७) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि संविधानको अनुसूचीमा प्रदेश र स्थानीय तहको दुवैको साझा अधिकारसूचीमा रहेका कर प्रशासन प्रदेश कानून बमोजिम हुनेछ ।

**१६. विज्ञापन करः** (१) नगरपालिकाले नगरपालिका क्षेत्र भित्र विज्ञापन प्रयोजनका लागि राखिएका सूचनापट्टी (होर्डिङबोर्ड) वा अन्य विज्ञापन सामग्रीमा विज्ञापन कर लगाई असुल गर्न सक्नेछ ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिमको विज्ञापन करबाट संकलित कर रकमको साठी प्रतिशतले हुन आउने रकम सम्बन्धित नगरपालिकाको संचित कोषमा र चालिस प्रतिशतले हुन आउने रकम प्रदेश संचित कोषमा मासिक रुपमा जम्मा गर्नु पर्नेछ ।

(३) यस दफा बमोजिमको विज्ञापन सामग्री राख्न नगरपालिकाबाट अनुमति लिनुपर्नेछ ।

(४) उपदफा (५) बमोजिमको अनुमति पत्र दिँदा सर्वसाधारण जनताको हित सम्बन्धी अन्य कुराको अतिरिक्त विज्ञापन राख्न पाउने अवधि, नवीकरण गर्नुपर्ने समय, नवीकरण नगरेमा लाग्ने शुल्क, सौन्दर्य विगार्न नहुने कुरा, सामग्रीको भाषिक शुद्धता र शालीनता जस्ता शर्त किटान गरिएको हुनुपर्नेछ ।

(५) कुनै कम्पनी, फर्म, एजेन्सी सँस्था वा व्यक्तिले अरु कसैले प्रायोजन गरेको सूचनापट्ट (होर्डिङबोर्ड) वा अन्य विज्ञापन सामग्री राखेमा यस दफा बमोजिमको विज्ञापन कर सम्बन्धित प्रायोजकबाट असुल गरी राजश्व एकाई वा सो एकाईले तोकेको बैंक खातामा दाखिला गर्नुपर्नेछ ।

(६) नेपाल सरकार वा प्रदेश सरकार वा सरकारी सँस्थाका जग्गा वा सम्पत्ति (पोल आदि) मा विज्ञापन सामग्री राखेमा कर उठाउनु अघि कर इकाईले सो निकायसँग समन्वय गरी कर असुल गर्नुपर्नेछ ।

(७) व्यापारिक वा व्यावसायिक प्रयोजनको लागि राखिएको विज्ञापनमा लागेको कर छुट वा मिनाहा हुन सक्नेछैन ।

(८) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाको तर्फबाट राखेका विज्ञापनमा कर लाग्ने कर लाग्ने छैन ।

(९) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि संविधानको अनुसूचीमा प्रदेश र स्थानीय तहको दुवैको साझा अधिकारसूचीमा रहेका कर प्रशासन प्रदेश कानून बमोजिम हुनेछ ।

**१७. व्यवसाय करः** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रका व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय दर्तामा र नवीकरणमा नगरपालिकाको आर्थिक ऐनले निर्धारण गरे बमोजिम वार्षिक व्यवसाय कर लगाउन र उठाउनेछ ।

(२) एकै व्यक्तिले आफ्नो नाममा एक वा एकै प्रकृतिका व्यवसाय वा शाखा एक वा सोभन्दा बढी स्थानमा सञ्चालन गरेकोमा साठी दिनभित्र सोको जानकारी कर इकाईलाई दिनुपर्नेछ ।

(२) यस दफा बमोजिमको व्यवसाय कर वार्षिक रुपमा बुझाउनु पर्नेछ । कुनै करदाताले अग्रीम रुपमा पाँच वर्षको कर एकमुष्ट बुझाउन चाहेमा त्यस बापत लाग्ने रकममा १० प्रतिशतले छुट दिइनेछ ।

(३) करदाताले व्यवसाय सञ्चालन गर्दा निवेदनसाथ पेश गरेका विवरणमा हेरफेर परिवर्तन वा नामसारी गर्नुपर्ने भएमा त्यसको कारण परेको मितिले साठी दिनभित्र कर इकाईमा जानकारी दिनुपर्नेछ ।

(४) कर अधिकृतले यस दफा बमोजिम करदाताले पेश गरेका विवरण छानविन गरी अन्यथा देखिए यथार्थ विवरण पेश गर्न तीस दिनको म्याद दिई करदातालाई सूचना दिन सक्नेछ ।

(५) एकपटक व्यवसाय दर्ता भएपछि खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय सञ्चालनमा रहेको मानी कर असुल गरिनेछ ।

(६) कुनै करदाताले लाग्ने कर बुझाई व्यवसाय दर्ता खारेज गर्न निवेदन दिन सक्नेछ ।

## परिच्छेद- ५

## करदाता दर्ता सम्बन्धी व्यवस्था

**१८. करदाताको पहिचान तथा दर्ताः** (१) व्यवसाय सञ्चालन गर्नुपूर्व दर्ता गरेर मात्र व्यवसाय सञ्चालन गर्नुपर्नेछ ।

(२) कर इकाईले यस ऐन बमोजिम कर तिर्नुपर्ने व्यक्ति वा करदाताको पहिचान गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम करदाताको पहिचान गर्दा व्यक्ति वा करदाताको नाममा रहेको सम्पत्ति, निजले गरेको कारोबार र कर इकाईलाई कुनै श्रोतबाट प्राप्त

सूचना तथा सो इकाईले छानविन गर्दा देखिएका आधारमा करदाताको परीक्षण गरिनेछ ।

(४) कर इकाईले यस ऐन बमोजिम कर तिर्नुपर्ने दायित्व भएका करदाताको विवरण खुलाई करदाता दर्ता गरी राख्नुपर्नेछ ।

(५) नेपाल सरकारबाट स्थायी लेखा नम्बर लिएका करदाताले कर सम्बन्धी कारोबार गर्दा सोही नम्बरको प्रयोग गर्नुपर्नेछ ।

**१९. करदाताको दायित्वः-** यस ऐन बमोजिम कर तिर्नुपर्ने कर्तव्य भएका करदाताको देहाय बमोजिम दायित्व हुनेछः

(क) आफूलाई करदाताको रुपमा दर्ता गराउने ।

(ख) निर्धारित समयमा विवरण पेश गर्ने ।

(ग) निर्धारित समयमा कर दाखिला गर्ने ।

(घ) यस ऐन बमोजिम कुनै शुल्क, जरिवाना वा ब्याज बुझाउनु पर्ने भए समयमा बुझाउने ।

(ङ) हिसाब किताव र अभिलेख दुरुष्त राख्ने ।

(च) कर अधिकृतले मागेको सूचना तथा तथ्यांक समयमा उपलब्ध गराउने ।

(छ) कर इकाईलाई आवश्यक सहयोग गर्ने ।

**२०. करदाताको अधिकारः-** (१) करदातालाई देहाय बमोजिमको अधिकार हुनेछः

(क) सम्मानपूर्वक व्यवहारको अधिकार

(ख) प्रचलित कानून बमोजिम सूचना प्राप्त गर्ने अधिकार

(ग) कर सम्बन्धी विषयमा प्रमाण पेश गर्ने मौका प्राप्त गर्ने अधिकार

(घ) प्रतिरक्षाको लागि कानून व्यवसायी वा लेखा परीक्षक नियुक्ति गर्ने अधिकार

(ङ) कर सम्बन्धी गोप्य कुराहरु यस ऐनमा उल्लेख भए बाहेक अनतिक्रम्य हुने अधिकार

(२) करदाताले उपदफा (१) बमोजिमको अधिकारको दाबी गर्न आफ्नो दायित्व पूरा गरेको हुनुपर्नेछ ।

**२१. करदाताको प्रतिनिधित्वः** (१) करदाताको प्रतिनिधित्व करदाताको परिवारको उमेर पुगेको सदस्य, माथवर व्यक्ति वा निजको कानून व्यवसायी वा लेखापाल वा लेखापरीक्षक वा निजले लिखित रुपमा अख्तियारी दिई पठाएको उमेर पुगेको वारेसले गर्न सक्नेछ ।

स्पष्टीकरणः यस दफाको प्रयोजनका लागि उमेर पुगेको भन्नाले १८ वर्षको उमेर पुगेको व्यक्ति सम्झनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिनिधित्व गर्न सक्ने व्यक्तिका तर्फबाट गरिएका कामकारवाही करदाता स्वयंले गरेको मानिनेछ ।

परिच्छेद ६

## विवरण दाखिला सम्बन्धी व्यवस्था

**२२. विवरण दाखिला दिन आदेश दिन सक्नेः-** (१) यस ऐन बमोजिम कर बुझाउनुपर्ने दायित्व भएको व्यक्तिले कर विवरण नबुझाएमा वा विवरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनी शंका गर्न सकिने आधार र कारण भएमा कर अधिकृतले आधार र कारण खोली कर विवरण दाखिला गर्न आदेश दिन सक्नेछ । त्यस्तो आदेश प्राप्त भएमा सम्बन्धित व्यक्तिले सो आदेश प्राप्त भएको मितिले पैतिस दिन भित्रमा कर इकाईमा विवरण दाखिला गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र विवरण दाखिला गर्न नसक्ने सम्बन्धित व्यक्तिले आधार र कारण खोली समयावधि थपको लागि निवेदन दिएमा कर अधिकृतले बढीमा तीस दिन सम्मको समयावधि थप दिन सक्नेछ ।

**२३. विवरण सच्याउन सकिनेः** (१)यस परिच्छेद बमोजिमको कर विवरण दाखिल भइसकेपछि कुनै तथ्य सम्बन्धी वा गणितीय भूल भएको भन्ने लागेमा करदाताले पहिला विवरण दाखिल भएको मितिले तीन महिनाभित्र यथार्थ, तथ्य र सही अंकसहितको करको विवरण पेश गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जे सुकै लेखिएको भएता पनि आर्थिक वर्षको अन्त भइसकेपछी व्यतित भइसकेको आर्थिक वर्षको विवरण सच्याउन सकिने छैन ।

परिच्छेद - ७

## कर दाखिला सम्बन्धी व्यवस्था

**२४. कर दाखिला गर्नुपर्नेः** (१) यस ऐन बमोजिम दाखिला गर्नु पर्ने कर ऐनको परिच्छेद ४ मा उल्लेख गरिएकोमा सोही समयमा र समय उल्लेख नभएको हकमा प्रत्येक आर्थिक वर्षको मंसीर मसान्त भित्र कर एकाईमा दाखिला गर्नु पर्नेछ ।

(२) यस ऐन बमोजिम अग्रिम कर कट्टी गरी दाखिला गर्नु पर्ने कर कर कट्टी भएको महिना पछिको महिनाको २५ गते भित्र कर एकाईमा दाखिला गर्नु पर्नेछ ।

**२५. कर दाखिलाको निस्सा दिनु पर्ने :** करदाताले यस ऐन बमोजिम बुझाउन पर्ने कर वा गैर कर राजश्व वा अन्य रकम बुझाएपछि करदातालाई तत्काल त्यसको निस्सा दिनुपर्नेछ ।

परिच्छेद — ८

## कर फिर्ता र समायोजन

**२६. कर फिर्ता सम्बन्धी व्यवस्था :**(१) करदाताले यस ऐन बमोजिम कर बुझाउँदा तिर्नु पर्ने भन्दा बढी कर दाखिला गरेकोमा सो कर रकम फिर्ता माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम फिर्ताको लागि निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा कर अधिकृतले निवेदन परेको एक महिना भित्र माग बमोजिम फिर्ता दिने निर्णयका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष स्वीकृतका लागि पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम स्वीकृतिका लागि पेश भएकोमा पेश भएको ७ दिन भित्र फिर्ता दिने वा नदिने सम्बन्धमा टुंगो लगाई कार्य फछ्र्यौट गरी सक्नु पर्नेछ ।

**२७. कर समायोजन सम्बन्धी व्यवस्था :** (१) करदाताले दफा २६ बमोजिम फिर्ता पाउने ठहरिएको रकम दाखिला गर्नु पर्ने कर रकममा समायोजन गर्न कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम फिर्ताको लागि निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा कर अधिकृतले निवेदन परेको एक महिना भित्र माग बमोजिम कर समायोजन गर्ने निर्णयका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष स्वीकृतका लागि पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम स्वीकृतिका लागि पेश भएकोमा पेश भएको ७ दिन भित्र कर समायोजन गर्ने वा नगर्ने सम्बन्धमा टुंगो लगाई कार्य फछ्र्यौट गरी सक्नु पर्नेछ ।

परिच्छेद — ९

## कर परीक्षण र कर निर्धारण

**२८. कर परीक्षण र कर निर्धारण:** (१) यस ऐन बमोजिम करदाताले विवरण पेश नगरेको वा पेश गरेको विवरणमा देहायका सबै वा कुनै काम कुरा भए गरेको देखिएमा कर अधिकृतबाट कर परिक्षण गरी कर निर्धारण गरिनेछ :

(क) खातापाता, हरहिसाब वा अभिलेख दुरुस्त नदेखिएमा।

(ख) गलत वा झुट्टा कागजात/विवरण संलग्न गरेको देखिएमा।

(ग) यथार्थ कारोबार नदेखाएको विश्वास गर्नुपर्ने कारण भएमा।

(घ) कारोबारका आधारमा करको दायित्व कम देखाएकोमा।

(ङ) करको दर फरक पारेकोमा।

(च) कानून बमोजिम कर छुट वा मिनाहा हुन नसक्नेमा पनि सोको दाबी गरेकोमा ।

(२) उपदफा (१) बमोजिम कर निर्धारण गर्नुपर्ने देखिएमा करदातालाई आधार र कारण खुलाई आफ्नो स्पष्टीकरण पेश गर्न तीस दिनको सूचना दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सूचना प्राप्त भएकोमा करदाताले सूचनामा तोकिएको म्याद भित्र आफ्नो स्पष्टीकरण पेश गर्नु पर्नेछ ।

(४) कर अधिकृतले उपदफा (३) बमोजिम तोकिएको म्यादभित्र करदाताले स्पष्टीकरण पेश गरेमा सो समेतलाई आधार बनाई र स्पष्टीकरण पेश नगरेमा कानून बमोजिम कर निर्धारण गर्नु पर्नेछ ।

(५) करदाताले स्वयं कर निर्धारण गरी विवरण पेश गरेको अवस्थामा विवरण पेश गरेको मितिले चार वर्ष भित्र कर अधिकृतले पुन: कर निर्धारण वा संशोधित कर निर्धारण गर्नुपर्ने सन्तोषजनक आधार र कारण भएमा करदातालाई सफाईको मौका दिई त्यस्तो कर निर्धारण गर्न सक्नेछ।

**२९. कर निर्धारणको सूचना:** (१) यस ऐन बमोजिम कर अधिकृतबाट कर निर्धारण भएकोमा बुझाउनु पर्ने कर रकम, स्थान, समय सिमा र बैंक खाता नम्बर समेत उल्लेख गरी करदातालाई कर निर्धारणको सूचना दिनु पर्नेछ ।

(६) यस ऐन बमोजिमको कर दाखिला गर्दा निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा उल्लेखित स्थान र समयसिमा भित्र कर दाखिला गर्नु पर्नेछ ।

(७) उपदफा (१) बमोजिम कर रकम बैंक दाखिला गरिएकोमा करदाताले त्यसको सम्बन्धित भौचर कर इकाईमा बुझाउनु पर्नेछ ।

## परिच्छेद — १०

## कर संकलन सम्बन्धी व्यवस्था

**३०. कर संकलन सम्बन्धी व्यवस्था:** (१) यस ऐन बमोजिम असुल उपर गर्नुपर्ने कर, व्याज र शुल्क वापतको रकम करदाताले यस ऐनमा तोकिएको अवधिमा दाखिला नगरेमा कर अधिकृतले प्रमुख प्रशाकिय अधिकृतको पूर्व स्वीकृति लिई देहायको एक वा एक भन्दा बढी तरीका बमोजिम कर असुल गर्न सक्नेछ :

(क) करदातालाई फिर्ता गर्नुपर्ने रकम भए त्यसमा कट्टा गरेर ।

(ख) नेपाल सरकार प्रदेश सरकार स्थानीय सरकार वा सरकारी स्वामित्वका संस्थाबाट करदाताले

पाउने रकमबाट कट्टा गर्न लगाएर ।

(ग) कुनै तेस्रो व्यक्तिले करदातालाई तिर्नुपर्ने रकम करदाताको पूर्व सहमति लिई कट्टा गरेर ।

(घ) बैंक वा वित्तिय संस्थामा रहैको करदाताको रकमबाट कट्टा गर्न लगाएर ।

(ङ) करदाताको कारोवार रोक्का गरेर ।

(च) करदाताको चल तथा अचल सम्पत्तिमाथि दावि वा कब्जा गरेर।

(छ) करदाताको सम्पत्ति एकैपटक वा पटक पटक गर तोकिए बमोजिम लिलाम विक्रि गरेर ।

(२) उपदफा (१) को खण्ड (छ) बमोजिम लिलामको कारबाही सुरु भएपछि यो कारबाहि समाप्त हुनु पूर्व कर दाखिला गर्न ल्याएमा बुझाउन बाँकी कुल रकमको थप पाँच प्रतिशत शुल्क सहित असुल गरिनेछ ।

(३) लिलामबाट प्राप्त रकम करदाताले तिर्नुपर्ने कर रकम भन्दा बढि भएमा बढि भएजति रकम साठ्ठी दिनभित्र सम्बन्धित करदातालाई फिर्ता दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम रकम फिर्ता गर्दा निजले उपलब्ध गराएको बैंक खातामा जम्मा गरिदिनु पर्नेछ ।

**३१. किस्ताबन्दीमा कर असुली :** कुनै खास करदातालाई बिषेश परिस्थितिमा समयमा कर तिर्न नसक्ने कारण भई सो कुराको निवेदन गर्न आएमा कर अधिकृतले जाँचबुँझ गर्दा कारण सन्तोषजनक देखिएमा पर्चा खडा गरि बढिमा एक वर्षभित्र तीन किस्तामा कर दाखिला गर्न आदेश दिन सक्नेछ ।तर ढिला बुझाए बापत यस ऐन बमोजिम लाग्ने ब्याज मिनाह हुने छैन ।

## परिच्छेद -११

## जरिवाना शुल्क र ब्याज

**३२. जरिवाना लाग्नेः** यस ऐनको पालना नगरी करको दायित्व हटाएमा कर अधिकृतले कर बिगोको दश प्रतिशत जरिवाना गर्न सक्नेछ ।

**३३. व्याज लाग्ने :** यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर समयमा दाखिला नगरेमा तिर्नु बुझाउनु पर्ने रकमको वार्षिक १० प्रतिशत व्याज लाग्नेछ ।

**३४. अभिलेख नराखेमा शुल्क लाग्ने :** यस ऐन बमोजिम अभिलेख राख्नुपर्ने कर्तव्य भएका करदाताले अभिलेख नराखेमा रु १००० शुल्क लाग्नेछ ।

**३५. समयमा विवरण दाखिला नगरेमा शुल्क लाग्ने :** यस ऐन बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले समयमा विवरण दाखिला नगरेमा प्रति विवरण रु १,०००/- शुल्क लाग्नेछ ।

**३६. झुठा विवरण दिएमा शुल्क लाग्ने :** यस ऐन बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले झुठा विवरण दाखिला गरी करको दायित्व घटाएमा फरक परेको कर रकम असुल गरी सोको १० प्रतिशत शुल्क लाग्नेछ ।

**३७. व्याज नलाग्ने :** यस ऐन बमोजिम लाग्ने शुल्क व्याज र जरिवानामा पुनः व्याज लाग्ने छैन ।

परिच्छेद-१२

## पूर्वादेश र प्रशासकीय पुनरावलोकन

**३८. पूर्वादेश माग गर्न सक्ने :** (१) कुनै करदातालाई यस ऐन बमोजिम लगाइएको कर,दस्तुर, शुल्क वा ऐनका व्यवस्था बारे द्विविधा भएमा सोको निराकरणका लागि निजले प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन दिएकोमा प्रमुख प्रशासकीय अधिकृतले द्विविधा निराकरण गर्न पूर्वादेश जारी गरी करदातालाई सो पूवदिश उपलब्ध गराउनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि अदालतमा विचाराधीन रहेको वा अदालतबाट निर्णय भईसकेको विषयमा यस दफा बमोजिम पूर्वादेश जारी गर्न सकिने छैन ।

(४) उपदफा (१) बमोजिमको पूर्वादेश अदालतको आदेशबाट अन्यथा नभएसम्म कायम रहनेछ ।

**३९. प्रशासकीय पुनरावलोकन हुन सक्ने :** यस ऐन बमोजिमका देहायका निर्णयमाथि प्रशासकीय पुनरावलोकन हुन सक्नेछ ।

(क) कर अधिकृतले गरेको कर निर्धारण, पुनः कर निर्धारण र संसोधित कर निर्धारण सम्बन्धी निर्णय ।

(ख) यस ऐन बमोजिम लाग्ने वा लागेको कर र गैरकर राजश्व तथा अन्य दस्तुर, शुल्क, व्याज सम्बन्धी निर्णय ।

**४०. प्रशासकीय पुनरावलोकनको प्रक्रिया :** (१) यस ऐन बमोजिमको कर निर्धारणको निर्णय उपर चित्त नबुझ्ने करदाताले सो निर्णय भएको मितिले ३० दिनभित्र प्रमुख

प्रशासकीय अधिकृतसमक्ष प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रशासकीय पुनरावलोकनको लागि परेको निवेदनमाथि ६० कार्यदिन भित्र कारवाही र किनारा गर्नुपर्नेछ ।

## परिच्छेद -१३

## पुनरावेदन

४१. **उजुरी नलाग्ने :** यस ऐन बमोजिम प्रशासकीय पुनरावलोकन गर्न सकिने विषयमा त्यस्तो पुनरावलोकन नभई कुनै अदालतमा कुनै उजुर लाग्ने छैन ।

४२. **पुनरावेदन दिन सक्ने :** (१) प्रशासकीय पुरावलोकनको निर्णय भएकोमा सो मितिले र प्रशासकीय पुनरावलोकन नहुने विषयमा कारण परेको मितिले चित्त नबुझ्ने पक्षले ६० दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(२) जिल्ला अदालतले गरेको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद - १४

## गैरकर राजश्व

४३. **सेवाशुल्क तथा दस्तुर :** नगरपालिकाले संविधानको अनुसूची ८ बमोजिमका क्षेत्र र विषयमा आफूले पुर्याएको सेवाबापत सेवाशुल्क तथा दस्तुर लगाई उठाउन सक्नेछ ।

४४. **पर्यटन शुल्कः** (१) नगरपालिकाले आँफै नियमन गरेको पर्यटकीय स्थल, पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा पर्यटन शुल्क लगाई उठाउन सक्नेछ । पर्यटकीय क्षेत्रमा उपलब्ध गराएको सेवाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी पर्यटन शुल्क लगाउनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाले आफ्नो क्षेत्रभित्र पर्यटक प्रवेश गरेको आधारमा मात्र पर्यटक शुल्क लगाइने छैन ।

४५. **सवारी साधन पार्किङ शुल्क :** नगरपालिकाले आफूले निर्माण वा व्यवस्था गरेको सवारी साधन पार्किङ स्थलमा सवारी साधन पार्किङ शुल्क लगाई उठाउन सक्नेछ । तर नेपाल सरकार र प्रदेश सरकारले निर्माण गरेका राष्ट्रिय र प्रदेश स्तरका राजमार्गको छेउछाउ वा पेटीमा पार्किङ शुल्क उठाउन सक्ने छैन ।

४६. **वहाल विटौरी शुल्कः** नगरपालिकाले सार्वजनिक, स्थानीय सरकारको नाममा रहेको र ऐलानी जग्गा र त्यस्ता जग्गामा रहेका पोखरी, हाटबजार, प्रदर्शनस्थल र ती ठाउँमा राख्न अस्थायी अनुमति लिएका पसलमा बहाल विरौटी शुल्क लगाई उठाउन सक्नेछ ।

४७. **जडिबुटी, कवाडी र जीवजन्तु शुल्क** : नगरपालिकाले जडिबुटी, कवाडी र जीवजन्तुको कारोबारमा शुल्क लगाई उठाउन सक्नेछ ।

४८. **केवलकार शुल्क** : (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालन भएका केवलकारमा शुल्क लगाई उठाउन सक्ने छ ।

(२) उपदफा (१) बमोजिमको शुल्क केवलकार सञ्चालकले प्रवेश टिकटमा नै समावेश गरी संकलन गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम संकलन गरेको शुल्क संकलन गरेको महिनापछिको महिनाको २५ दिनभित्र विवरणसाथ कर एकाईमा दाखिला गर्नुपर्नेछ ।

४९. **डुंगा परिवहन (बोट सेवा) शुल्क** : नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालन भएका डुंगा परिवहन (बोट सेवा) मा शुल्क लगाई उठाउन सक्नेछ ।

५०. **अन्य शुल्क लगाउन सक्ने** : (१) नगरपालिकाले अनुसूची- २ मा उल्लिखित विषय र क्षेत्रमा शुल्क लगाई उठाउन सक्नेछ ।

(२) नगरपालिकाले संविधान र अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को विपरित नहुने गरी आफूले प्रदान गरेको सेवा, सुविधा र व्यवस्थापन गरेका थप वा नयाँ क्षेत्र वा विषयमा शुल्क लगाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सेवाशुल्क लगाउने वा त्यसको दरमा हेरफेर गरेको कुराको विवरण नगरपालिकाले त्यस्तो निर्णय भएको मितिले सात कार्यदिन भित्र नगर सभाको बैठक चलेको समयमा सभामा र त्यस्तो बैठक नचलेको समयमा त्यसपछि बस्ने सभाको पहिलो बैठकमा पेश गर्नुपर्नेछ ।

५१. छुट वा मिनाहा : (१) नगरपालिकाले खास अवस्थामा यस ऐन बमोजिम लाग्ने वा लागेको गैरकर राजश्वमा आधार र कारण खुलाई आंशिक वा पूर्ण रुपमा छुट दिन वा मिनाहा गर्न सक्नेछ । यसरी छुट दिंदा समान अवस्थाका सबै करदातालाई समान व्यवहार गर्नु पर्नेछ ।

(२) नेपाल सरकार वा प्रदेश सरकारले कुनै परियोजना वा विकास कार्यका लागि खास सामग्री, कारोबारमा कर नलाग्ने व्यवस्था गरेमा नगरपालिकाले तत् तत् सरकारसँग समन्वय गरी कर छुट सम्बन्धी सो व्यवस्थाको पालना गर्ने गराउनेछ ।

(३) उपदफा (१) बमोजिम गैरकर, राजश्व छुट वा मिनाहा दिएको विवरण सभाको बैठक चलेको समयमा सभामा र त्यस्तो बैठक नचलेको समयमा त्यसपछि बस्ने सभाको पहिलो बैठकमा पेश गर्नुपर्नेछ ।

## परिच्छेद-१५
## समन्वय सम्बन्धी व्यवस्था

**५२. नेपाल सरकारसँग समन्वय :** (१) नगरपालिकाले संघीय कानून वा ऐन बमोजिम असुल उपर गर्नुपर्ने कर वा गैरकर राजश्व असुल गर्न एक द्वार प्रणाली अपनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको एक द्वार प्रणाली अपनाउन नगरपालिका वा नगरपालिकाले अधिकार सुम्पेको अधिकृत वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेका अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(३) नगरपालिकाले संविधानको साझा सूचीमा रहेका विषयसँग सम्बन्धित कर वा गैरकर राजश्वका आधार र दर वा कर प्रशासनका सम्बन्धमा नेपाल सरकारसँग समन्वय गर्न सक्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अन्तर्गत समन्वय गरी टुंगोमा पुगेका विषयहरु यस ऐनमा परेसरह मानिनेछ र ती व्यवस्थाका हकमा यस ऐनका अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सोही अनुसार कार्यान्वयन गर्नुपर्नेछ ।

**५३. प्रदेश सरकारसँग समन्वय :** (१) नगरपालिकाले प्रदेश कानून वा यस ऐन बमोजिम असुल उपर गर्नुपर्ने कर वा गैरकर राजश्व असुल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको एक द्वार प्रणाली अपनाउन नगरपालिका वा नगरपालिकाले अधिकार सुम्पेको अधिकृत वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(३) नगरपालिकाले संविधानको साझा सूचीमा रहेको विषयसँग सम्बन्धित कर वा गैरकर राजश्वका आधार वा दर वा कर प्रशासनका सम्बन्धमा प्रदेश सरकारसँग समन्वय गर्न सक्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अन्तर्गत समन्वय गरिएका विषयहरु यस ऐनमा परेसरह मानिनेछ । र ती व्यवस्थाको हकमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सोही अनुसार कार्यान्वयन गर्नुपर्नेछ ।

**५४. केन्द्रीय बैंकसँग समन्वय :** नगरपालिकाले कर र गैरकर राजश्व संकलनका सम्बन्धमा केन्द्रीय बैंक (नेपाल राष्ट्र बैंक) सँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

**५५. अन्य निकाय, कार्यालय र सँस्थासँग समन्वय :** नगरपालिका वा सोको कुनै अधिकृतले कर तथा गैरकर राजश्वसँग सम्बन्धित विषयमा नेपाल सरकार र प्रदेश सरकार अन्तर्गतका सरकारी निकाय, बैंक वा सँस्थासँग समन्वय गर्न सक्नेछ ।

परिच्छेद-१६

## राजश्व प्रस्ताव, तर्जुमा तथा सूचना सम्बन्धी व्यवस्था

**५६. राजश्व सम्बन्धी नयाँ प्रस्ताव** : नगरपालिकाले कर तथा गैरकर सम्बन्धी नयाँ कर प्रस्ताव तयार गर्दा सरोकारवाला सँग परामर्श गर्नुपर्नेछ ।

**५७. सूचना सार्वजनिक गर्नुपर्ने :** (१) यस ऐन बमोजिम नगरपालिकाले लगाएको कर र गैरकर राजश्व उठाउने कार्यालयको प्रमुखले राजश्वको दर र त्यसमा भएका हेरफेर सम्बन्धी सूचना सर्वसाधारणको लागि सार्वजनिक गर्नुपर्नेछ ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिमका कर, राजश्वका दर र त्यसमा भएको हेरफेर समेत मिलाई नगरपालिकाको वेबसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) नगरपालिकाले कर र राजश्वका दर र हेरफेर सम्बन्धी केन्द्रीय सूचना प्रणालीमा समेत राख्ने प्रयोजनका लागि नेपाल सरकार, अर्थ मन्त्रालय सो मन्त्रालयले तोकेको कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

परिच्छेद- १७

## विविध

**५८. विद्युतीय माध्यमको प्रयोग गर्न सक्ने :** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाले विद्युतीय माध्यम (अनलाइन) बाट करदातालाई सूचना दिने, करदाताले आफ्नो विवरण र प्रमाण पेश गर्ने, कर लगायतको तिर्नु बुझाउनु पर्ने

रकम दाखिला गर्ने एवम् कर वा त्यस्तो रकम बुझाइएको रसिद दिने लगायतका कर सम्बन्धी अन्य कामकारवाही गर्न सक्ने व्यवस्था गर्न सक्नेछ ।

**५९. ठेक्कामा लगाउन नपाइने :** (१) नगरसभाबाट निर्णय भएकोमा बाहेक नगरपालिकाले आफूले असुल गर्नुपर्ने कुनै कर वा राजश्व ठेक्का लगाई उठाउन पाइने छैन ।

(२) कर वा राजश्व ठेक्का बन्दोवस्त गर्ने सम्बन्धमा नगरपालिकाले कार्यविधि बनाइ लागु गर्न सक्नेछ।

**६०. अनुसूचीमा हेरफेर** : नगरपालिकाले यस ऐनको अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ र त्यसरी गरिएको हेरफेरको सूचना बैठक बसेको भए बैठकमा र तत्काल बैठक नबसेको भए त्यसपछि बस्ने नगर सभाको पहिलो बैठकमा पेश गर्नुपर्नेछ ।

**६१. कागजातको ढाँचा :** (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको निर्देशिकामा उल्लेख नभएको वा नतोकिएको कुनै विवरण, ढाँचा, तरिका वा जानकारी सम्बन्धमा आवश्यक व्यवस्था गर्न उपयुक्त देखिएमा नगरपालिकाले आदेश वा सूचना जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका आदेश वा सूचना सर्वसाधारणको जानकारीका लागि नगरपालिकाको कार्यालय, सूचनापाटी, वेबसाइट र स्थानीय पत्रपत्रिकाको माध्यमबाट उपलब्ध गराउन सक्नेछ ।

**६२. सूचना तामेली रित पुगेको मानिने :** (१) यस ऐन बमोजिम दिनुपर्ने म्याद, सूचना वा कागजात देहाय बमोजिम बुझाए वा पठाएमा सम्बन्धित व्यक्तिलाई पठाएको वा दिएको मानिनेछ ।

(क) सम्बन्धित व्यक्तिलाई नै बुझाएको

(ख) निजको परिवारको उमेर पुगेको सदस्यलाई बुझाएको

(ग) निजको कानून व्यवसायी वा लेखापाललाई बुझाएको

(घ) नावालिगको हकमा संरक्षक वा माथवर व्यक्तिलाई बुझाएको

(ङ) कार्यालय, सँस्था वा निकायको हकमा प्रबन्धक वा प्रशासकीय प्रमुखलाई बुझाएको

(च) करदाताको ठेगानामा हुलाक रजिष्ट्री पठाएको

(छ) विद्युतीय माध्यमबाट पठाएको

(२) कर एकाईको अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको, कम्प्युटर प्रविधिबाट इन्सक्रिप्ट वा इन्कोड गरिएको, छाप लगाइएको वा सो कागजमा लेखी यस ऐन बमोजिम जारी गरिएको, तामेली गरिएको वा दिइएको कागजातलाई रितपूर्वकको मानिनेछ ।

**६३. कागजातको अभिलेख राख्ने :** (१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको प्रत्येक व्यक्ति वा करदाताले देहाय बमोजिमका आवश्यक कागजातहरु सुरक्षित गरी राख्नु पर्नेछ ।

(क) यस ऐन बमोजिम नगरपालिकामा पेश गर्नुपर्ने कागजात र सोलाई पुष्ट्याई गर्ने सूचना तथा कागजात

(ख) कर निर्धारण गर्न सघाउ पुर्याउने कागजातहरु

(ग) खर्च कट्टी गर्नुपर्ने भए सोलाई पुष्ट्याँई गर्ने कागजातहरु

(२) नगरपालिकाले लिखित रुपमा सूचना जारी गरी अन्यथा तोकेकोमा बाहेक यस दफा बमोजिमका कागजातहरु सम्बन्धित आय वर्ष समाप्त भएको मितिले कम्तीमा चार वर्षको अवधिसम्म सुरक्षित राख्नुपर्नेछ ।

**६४. अदालतलाई भए सरहको अधिकार हुनेः** यस ऐनको प्रयोजनको लागि नगरकार्यापालिकाको अधिकार प्राप्त अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान, गराउने, प्रमाण बुझ्ने र लिखित पेश गर्न लगाउने सम्बन्धमा प्रचलित नेपाल कानुन बमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ ।

**६५. आदेश वा निर्देशन दिनसक्नेः** संघीय र प्रदेश सरकारले कर प्रशासनलाई प्रभावकारी बनाउन नेपालको संविधान र संघीय तथा प्रदेश सरकारको कर सम्बन्धी कानुन र यो ऐनको प्रावधानलाई कार्यन्वयन गर्न गराउन आवश्यक आदेश वा निर्देशन दिनसक्नेछ ।यस्तो आदेश वा निर्देशन पालन गर्नु नगरपालिकाको कर्तव्य हुनेछ ।

**६६.कर अधिकृतको परिचयपत्रः** कर एकाईमा काम गर्ने प्रत्येक कर अधिकृत र अन्य कर्माचारीले परिचयपत्र आफ्नो साथमा राख्ने, काम गर्ने समयमा लगाउने र कर्तव्य पालनाको शिलशलामा परिचयपत्र सम्बन्धित व्यक्तिलाई देखाउनुपर्नेछ ।

**६७.बिभागिय कारवाहि र सजाय हुनेः** (१) कर अधिकृत वा कर प्रशासनसँग सम्बन्धित कुनै कर्माचारीले कर तिर्नु बुझाउनुपर्ने दायित्व भएको व्यक्ति वा करदातालाई हानि नोक्सानी पुर्याउने, करको दायित्व घटिबढि गर्ने, समान अवस्थामा करदाता बिच असमान व्यबहार गर्ने, कुनै करदातालाई अनुचित फाईदा पुर्याउने वा करदाताबाट आफ्नो वा अरु कसैको निजि स्वार्थ पूर्ति गर्ने उदेश्यले कुनै काम गरेमा वा कानुन बमोजिम गर्नुपर्ने काम समयमा नगरी दुःख वा हैरानी दिएमा सम्बन्धित व्यक्तिले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत समक्ष उजुरी गर्नसक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुर परेमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यक छानबिन गरि सम्बन्धित कर्माचारीको सेवा सम्बन्धी कानुन बमोजिम आफूलाई कारबाही गर्ने अधिकार भएको विषयमा आफैले विभागिय कारबाहि गर्ने र

कारबाहि अधिकार नभएको विषयमा बिभागिय कारबाहिको लागि अधिकार प्राप्त अधिकारी समक्ष राय साथ पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम छानबिन गर्दा प्रचलित कानुन बमोजिम अनुचित कार्य गरेको खुल्न आएमा अधिकार प्राप्त अधिकारीले आवश्यक कारबाहि गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम छानबिन र कारबाहि गर्दा प्रमाण नष्ट हुन सक्ने भएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो कर अधिकृत वा अन्य कर्माचारीलाई सम्बन्धित सेवा सम्बन्धि कानुन बमोजिम निलम्बन गर्न सक्नेछ ।

(५) उपदफा (२) बमोजिम छानबिन गर्ने अवधिभर सो अधिकृतलाई कर अधिकृतको जिम्मेवारीबाट अलग राखिने छ ।

(६) उपदफा (३) बमोजिमको छानबिन गर्ने र कर अधिकृतको जिम्मेवारीबाट अलग राख्ने अवधि तीन महिना भन्दा बढि हुने छैन ।

**६८.पुरस्कृत गर्न सक्नेः** (१) नगरपालिकाले यथार्थपरक र विश्वसनिय रुपमा तथा कानुनले तोकेको म्यादभित्र कर विवरण बुझाउने, लागेको कर दाखिला गर्ने र कर अधिकृतले अनुरोध गरेका सूचना उपलब्ध गराउने ३ जना करदातालाई प्रत्येक वर्ष पुरस्कार दिने व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने पुरस्कार सम्बन्धि अन्य व्यवस्था नगरकार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

**६९. म्याद हदम्याद नजानेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखेको भएपनि यस ऐन बमोजिम म्याद वा हदम्याद गणना गर्दा देहायको अवधी बाहेक गरि गणना गरिनेछ।

(क) अदालतबाट स्थगन वा कर अधिकृत वा अन्य सरकारी निकायबाट रोक्का वा स्थगन भएको अवधि

(ख) पूनारावेदन गरेकोमा पूनारावेदन तहको अन्तिम निर्णय भएको जानकारी प्राप्त नभए सम्मको अवधि

**७०.निर्देशिका वा दिग्दर्शन (म्यानुअल) बनाउने अधिकारः** यस ऐन बमोजिमको काम र प्रभावकारी रुपमा गर्न नगरपालिका वा नगरपालिकाले अख्तियारी दिएको अधिकारीले आवश्यक निर्देशिका वा दिग्दर्शन बनाउन सक्नेछ ।

## अनुसूची - १

(दफा १० उपदफा (४)को (घ) संग सम्बन्धित)

**हासकट्टी गर्ने तरिका**

यस ऐन बमोजिम सम्पत्तिको ह्रासकट्टी गर्ने तरिका समान कट्टी तरिका (युनिफर्म चार्ज मेथड) को फिक्सड इन्सटालमेण्ट मेथड अनुसार हुनेछ । यसको गणना देहाय बमोजिम गर्नुपर्नेछ ।

**सुत्रः**

ह्रासकट्टी रकम = $\dfrac{\text{सम्पत्तिको प्रारम्भिक मुल्य - अनुमानित शेष मुल्य}}{\text{सम्पत्तिको आयु (वर्ष)}}$

**उदाहरणः**

कुनै सम्पत्तिको मुल्य शुरुमा रु १००००००/- छ ।यसको आयु २० वर्ष छ ।बीस बर्षपछि यो सम्पत्ति विक्री गर्दा रु १०००००/- आउँछ भने यसको प्रति वर्ष ह्रासकट्टी रकम निम्नानुसार हुन्छ ।

ह्रासकट्टी रकम = $\dfrac{\text{१००००००-१०००००}}{\text{२०}}$

= $\dfrac{\text{९०००००}}{\text{२०}}$

= ४५०००/-

(प्रतिवर्ष रु ४५०००/- ह्रासकट्टी खर्च घटाउन पाइन्छ ।)

सुत्र प्रयोग गर्ने तरिकाः

(क) ह्रासकट्टी गर्ने प्रयोजनको लागि देहाय अनुसारको संरचनाको आयु निर्धारण गरी गणना गरिनेछ ।

| क्र.सं. | संरचनाको प्रकार | संरचनाको आयु |
|---|---|---|
| १ | बाँसको बारबेर गरी माटोको लिउन गरेको / नगरेको र प्लास्टिक/ खर/कर्कटपाताको छानो भएको | १० वर्ष |
| २ | इँटा/ढुङ्गा - माटोको जोडाइ - बाँस/काठ/ सिमेन्टले बारबेर गरी प्लास्टिक/खर/कर्कट पाताको छाना लगाएको | २० वर्ष |
| ३ | काठको घर कर्कटपाताको छाना भएको र सेड | २५ वर्ष |
| ४ | फलामको फ्रेम जस्तापाताको बारबेर र छाना भएको | ३० वर्ष |
| ५ | कर्कटपाताको छानो भएको इँटा, ढुङ्गा सिमेन्टको जोडाई भएको | ३५ वर्ष |
| ६ | आर सि.सि. सिमेन्ट प्लास्टर भएको कर्कट पाता वा ढलान छानो भएको | ५० वर्ष |

(ख) संरचनाको शेष मूल्य प्रारम्भिक मूल्यको दश प्रतिशतले हुने रकम कायम गरी गणना गरिनेछ ।

अनुसुची २

(दफा ५० को उपदफा (१)संग सम्बन्धित)

**स्थानीय सरकारले शुल्क लगाई उठाउन सक्ने विषय क्षेत्रहरु**

१ . खानेपानी, धारा, पोखरी र घाट

२ . बिजुली

३.  टेलिफोन

४. वातावरण, फोहरमैला व्यवस्थापन,सरसपाई र ढल व्यवस्थापन

५. शौचालय, स्नान गृह

६. सार्वजनिक पार्क

७. हाटबजार

८. पशु बधशाला

९. अतिथिगृह र छात्रबास

१०.अचल सम्पत्ति मुल्याङकन शुल्क

११.मर्मत सुधार (आफूले निर्माण गरेका यस अनुसूचिमा उल्लेखित साधन र सुविधाको मर्मत

अनुसूची-३

(दफा १० को उपदफा (१०) सँग सम्बन्धित)

सूर्योदय नगर कार्यपालिकाको कार्यालय

फिक्कल, इलाम

वडा नं.:-

<u>सम्पत्तिको विवरण</u>

| सि.नं. | जग्गा/घर धनीको नाम | पेशा | ठेगाना | | जग्गाको विवरण | | | | | भौतिक संरचनाको विवरण र किसिम (संकेत) | भौतिक संरचना बनेको मिति | भौतिक संरचनाको | | | | भौतिक संरचनाको प्रयोग | | | | वहालमा दिएको | प्रयोगकर्ता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बाटोको नाम | घर नं. | साविक गाविस | वडा नं. | नक्सा नं. | कि.नं. | क्षेत्रफल | | | लम्बाइ फि | चौडाइ फि | क्षेत्रफल वर्ग फि | तला संख्या | आवास | व्यापार | औद्योगिक | संस्थागत | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |

**द्रष्टव्यः (क) करदाताले यो विवरण पेश गर्दा विवरणलाई पुष्टि गर्ने देहायका कागजात समेत संलग्न राख्नुपर्नेछ :**

(क) अघिल्लो वर्ष कर तिरेको रसिद प्रमाण (सम्पत्ति कर/मालपोत (भूमिकर)/वहाल कर/व्यवसाय कर/नक्सापास दस्तुर/संरचना अभिलेखीकरण दस्तुर) जग्गा (ख) धनी प्रमाणपुर्जाको प्रतिलिपि वा जग्गाको स्वामित्व र क्षेत्रफल खुलेको प्रमाण कागजात । (ग) निर्माण सम्पन्न भएको वा घर भएको प्रमाण ।

**(ख) भौतिक संरचनाको किसिम महलमा देहाय बमोजिमको संकेत उल्लेख गर्नुपर्नेछ :**

(१) बाँसको बारबेर गरी माटोको लिउन गरेको / नगरेको र प्लास्टिक/ खर/कर्कटपाताको छानो भएको

(२) ईँटा/ढुङ्गा - माटोको जोडाइ - बाँस/काठ/ सिमेन्टले बारबेर गरी प्लास्टिक/खर/कर्कट पाताको छाना लगाएको

(३) काठको घर कर्कटपाताको छाना भएको र सेड

(४) फलाम को फ्रेम जस्तापाताको बारबेर र छाना भएको

(५) कर्कटपाताको छानो भएको ईँटा, ढुङ्गा सिमेन्टको जोडाई भएको

(६) आर सि.सि. सिमेन्ट प्लास्टर भएको कर्कट पाता वा ढलान छानो भएको

आज्ञाले

राजेन्द्र भट्टराई

प्रमुख प्रशासकीय अधिकृत